मरिण गाउँपालिकाको

# शिक्षा योजना

(आ. व. २०८०/२०८१- २०९०/२०९१)




## मरिण गाउँपालिका

कपिलाकोट, सिन्धुली

बागमती प्रदेश

नेपाल

## मेरो भनाई

बागमती प्रदेश, सिन्धुली जिल्लामा पर्ने एक महत्वपूर्ण स्थानीय तहका रूपमा मरिण गाउँपालिका रहेको छ । यो गाउँपालिका साविकका ३ वटा गाउँ विकास समिति मिलेर वि.सं. २०७३ साल फागुन २७ गते स्थापना भएको हो । कुल घर परिवार सङ्ख्या ६,०४४ र कुल जनसङ्ख्या २८,८०८ रहेको यस गाउँपालिकाको क्षेत्रफल ३२४.५५ वर्ग कि.मी. रहेको छ । यसको प्रशासकीय केन्द्र कपिलाकोटमा रहेको छ भने यस गाउँपालिकामा ७ वटा वडाहरू रहेका छन् । बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातीय र विविधतायुक्त परिवेश यो गाउँपालिकाको विशेषता हो । नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्रहरू तोकेको छ । यससँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ, जसमा स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरू सम्पादन गर्ने उल्लेख छ । त्यसैले आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तर, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नका लागि उपलब्ध भौतिक, वित्तीय र मानवीय स्रोत साधनको अधिकतम् परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै मरिण गाउँपालिकाले १० वर्षे गाउँ शिक्षा योजना (२०८०/०८१-२०९०/०९१) निर्माण गरी कायार्न्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ । गाउँपालिकाको समग्र विकासका लागि शिक्षा महत्वपूर्ण पूर्वाधार हो । शिक्षाको विकास विना गाउँपालिकाको विकासको परिकल्पना पनि गर्न सकिदैन । यस महत्वपूर्ण विषयवस्तुलाई आत्मसात् गर्दै वर्तमान ऐन, कानून, नीति, नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पञ्चवर्षीय योजनाहरू, शिक्षा क्षेत्र  योजना तथा विभिन्न ऐन, काननूको परिधी एवम् गाउँपालिकाले शिक्षासम्बन्धी अवलम्बन गरिएका नीति, कार्यक्रम तथा वजेटको प्रतिवद्धतासमेतलाई समेटेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग चरणवद्धरूपमा छलफल गरी निर्माण गरिएको यो शिक्षा नीति तथा योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

गाउँपालिकाको शैक्षिक क्षेत्रमा सबै वर्गको पहुँच स्थापित गरी दक्ष, सकारात्मक सोँच भएका जनशक्तिको उत्पादनमा सहयोग पुगोस् भन्ने हेतुले गाउँपालिकाले यो योजना निर्माण गरेको हो । यस क्षेत्रको बहु-पहिचानलाई आत्मसात गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषणसहित तयार पारिएको यस योजना निर्माणमा तदारुकता देखाउनु हुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरू लगायत योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद्, विज्ञ टोली लगायत यस योजनालाई मूर्त रुप दिन खोज, अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्नुहुने विज्ञ बालकृष्ण गैरे, विद्यालयका प्रधानाध्यापक, शिक्षकलगायतका सम्पूर्ण सरोकारवाला महानुभावहरूलाई आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगका लागि पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस गाउँपालिकाको शिक्षा नीति तथा योजना निर्माणमा आर्थिक एवम् प्राविधिक सहयोग पुऱ्याउनु हुने प्लान इन्टरनेशनल नेपाल र ह्याण्स नेपाल सिन्धुलीलाई विषेश धन्यवाद दिन चाहन्छु । अन्त्यमा, यस नीति तथा योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने विश्वासका साथ प्रभावकारी कार्यान्वयनका लागि सबैको साथ र सहयोगको अपेक्षा गर्दछु । धन्यवाद !

२६ असार, २०८०

विमर्स मुक्तान (प्रख्यात)
अध्यक्ष

## मेरो भन्नु

शिक्षा सभ्यताको मुहान, समाज रुपान्तरणको महत्वपूर्ण माध्यम एवम् विकास र समृद्धिको आधार पनि हो। नेपालले सङ्घीय शासन प्रणाली अवलम्वन गरेसँगै नेपालको संविधानले स्व:शासन र साझेदारी शासनको परिकल्पना गरेको छ। स्व:शासनकोरूपमा नेपालको संविधानको अनुसूची ८ मा २२ वटा एकल अधिकार रहेका छन् जसमा आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको रहेको छ। शिक्षाको जगकोरूपमा रहेको माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थित ढङ्गले अगाडि बढाउन सक्ने हो भने सक्षम मानव पूँजीको निर्माण भई विकासका समग्र पक्षहरूमा सकारात्मक प्रभाव पर्ने हुन्छ। अत: यस गाउँपालिकाले वर्तमानमा रहेको यथार्थ शैक्षिक अवस्थाको विश्लेषण गरी भविष्यमा शैक्षिक क्षेत्रलाई कुन अवस्थासम्म पुऱ्याउने भन्ने ध्येयका साथ शिक्षा नीति र यो दस वर्षे आवधिक योजना तयार गरेको छ।

यस गाउँपालिकाले **"कृषि पशुपालन र पूर्वाधार मरिण गाउँपालिकाको विकासको आधार"** भन्ने साझा सङ्कल्प राखेको छ, जसलाई पूरा गर्ने आधार शिक्षा क्षेत्रको विकास पनि हो। असल मानव संशाधनको विकासबाट नै उपलब्ध स्रोत साधन र अवसरको समुचित परिचालन भई समृद्ध गाउँपालिका निर्माणमा टेवा पुग्दछ। यसै कुरालाई मध्यनजर गर्दै यस आवधिक योजनामा दिर्घकालीन सोँच, लक्ष्य र गन्तव्य के हुने भनी समेटिएको छ। समग्रमा यस गाउँपालिकाको हालको शैक्षिक अवस्था बारे अत्यन्त मिहिन ढङ्गले विश्लेषण गर्दै उत्कृष्ट योजना बनाउनका लागि हरदम खट्नुहुने शिक्षा नीति तथा योजना निर्माण समिति र विज्ञ बालकृष्ण गैरेप्रति हार्दिक आभारी छु।

शिक्षा नीति तथा योजना तयार गर्दा नेपालको संविधानले शिक्षासम्बन्धमा व्यवस्था गरेका प्रावधानहरू, शिक्षासम्बन्धी राष्ट्रिय तथा प्रादेशिक नीतिहरू, सोह्रौ योजनाको अवधारणापत्र, दिगो विकास लक्ष्य लगायतलाई मार्गदर्शनकोरूपमा लिई स्थानीय आवश्यकता र प्राथमिकता निर्धारण गरी सकेसम्म व्यवहारिक र कार्यान्वयन योग्य बनाउने प्रयत्न भएको छ। नीति तथा योजना नै समग्र विकास होइन यो त एउटा गन्तव्य निर्माण गर्ने माध्यम मात्र हो। यसर्थ, यस योजनाले लिएका सङ्कल्पहरू पूरा गर्न सबै सरोकारवालाको सकारात्मक सहयोग रहनेछ भन्ने अपेक्षा गरेको छु। धन्यवाद !

२६ असार, २०८०

ओम बहादुर दर्जी<br>
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


| शीर्षक | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| परिच्छेद एकः परिचय | | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | मुख्य समस्या | ४ |
| १.३ | चुनौती | ४ |
| १.४ | अवसर | ४ |
| १.५ | योजना निर्माण प्रक्रिया | ४ |
| परिच्छेद दुईः सोँच, लक्ष्य, उद्देश्य र रणनीति | | ६ |
| २.१ | दूरदृष्टि | ६ |
| २.२ | लक्ष्य | ६ |
| २.३ | उद्देश्य | ६ |
| २.४ | रणनीति | ६ |
| २.५ | शिक्षा नीति तथा कार्यनीति | ७ |
| २.४ | अपेक्षित उपलब्धि | ७ |
| २.५ | मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | ८ |
| परिच्छेद तिनः शिक्षा नीति तथा कार्यनीति | | ११ |
| ३.१ | प्रारम्भिक बालविकास र शिक्षा | ११ |
| ३.२ | विद्यालय शिक्षा | १२ |
| ३.३ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १३ |
| ३.४ | बालमैत्री तथा समावेशी शिक्षा | १४ |
| ३.५ | शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापन | १४ |
| ३.६ | शैक्षिक गुणस्तर | १६ |
| परिच्छेद चारः विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू | | २० |
| ४.१ | बालविकास र शिक्षा | २० |
| ४.१.१ | परिचय | २० |
| ४.१.२ | वर्तमान अवस्था | २० |
| ४.१.३ | उद्देश्य | २० |
| ४.१.४ | रणनीतिहरू | २१ |

| | | |
|---|---|---|
| ४.१.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | २१ |
| ४.२ | आधारभूत शिक्षा | २२ |
| ४.२.१ | परिचय | २२ |
| ४.२.२ | वर्तमान अवस्था | २३ |
| ४.२.३ | उद्देश्य | २४ |
| ४.२.४ | रणनीतिहरू | २४ |
| ४.२.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | २४ |
| ४३.३ | माध्यमिक शिक्षा | २६ |
| ४.३.१ | परिचय | २६ |
| ४.३.२ | वर्तमान अवस्था | २६ |
| ४.३.३ | उद्देश्य | २६ |
| ४.३.४ | रणनीतिहरू | २७ |
| ४.३.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | २७ |
| ४.४ | पाठ्यक्रम र मूल्याङ्कन | २९ |
| ४.४.१ | परिचय | २९ |
| ४.४.२ | वर्तमान अवस्था | २९ |
| ४.४.३ | उद्देश्य | ३० |
| ४.४.४ | रणनीतिहरू | ३० |
| ४.४.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ३१ |
| ४.५ | शिक्षक व्यवस्थापन र विकास | ३२ |
| ४.५.१ | परिचय | ३२ |
| ४.५.२ | वर्तमान अवस्था | ३२ |
| ४.५.३ | उद्देश्य | ३३ |
| ४.५.४ | रणनीतिहरू | ३३ |
| ४.५.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ३३ |
| ४.६ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ३५ |
| ६.१ | परिचय | ३५ |
| ४.६.२ | वर्तमान अवस्था | ३५ |
| ४.६.३ | उद्देश्य | ३५ |

| | | |
|---|---|---|
| ४.६.४ | रणनीतिहरू | ३५ |
| ४.६.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ३६ |
| ४.७ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ३७ |
| ४.७.१ | परिचय | ३७ |
| ४.७.२ | वर्तमान अवस्था | ३७ |
| ४.७.३ | उद्देश्य | ३८ |
| ४.७.४ | रणनीतिहरू | ३८ |
| ४.७.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ३८ |
| परिच्छेद पाँचः अन्तरसम्बन्धित विषय क्षेत्रहरू | | ४० |
| ५.१ | शैक्षिक समता र समावेशीकरण | ४० |
| ५.१.१ | परिचय | ४० |
| ५.१.२ | वर्तमान अवस्था | ४० |
| ५.१.३ | उद्देश्य | ४१ |
| ५.१.४ | रणनीतिहरू | ४१ |
| ५.१.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ४१ |
| ५.२ | दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ४३ |
| ५.२.१ | परिचय | ४३ |
| ५.२.२ | वर्तमान अवस्था | ४३ |
| ५.२.३ | उद्देश्य | ४४ |
| ५.२.४ | रणनीतिहरू | ४४ |
| ५.२.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ४४ |
| ५.३ | आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा | ४६ |
| ५.३.१ | परिचय | ४६ |
| ५.३.२ | वर्तमान अवस्था | ४६ |
| ५.३.३ | उद्देश्य | ४६ |
| ५.३.४ | रणनीतिहरू | ४६ |
| ५.३.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ४७ |
| ५.४ | विद्यालय भौतिक पूर्वाधार विकास | ४८ |
| ५.४.१ | परिचय | ४८ |

| | | |
|---|---|---|
| ५.४.२ | वर्तमान अवस्था | ४८ |
| ५.४.३ | उद्देश्य | ४९ |
| ५.४.४ | रणनीतिहरू | ४९ |
| ५.४.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ५० |
| ५.५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ५१ |
| ५.५.१ | परिचय | ५१ |
| ५.५.२ | वर्तमान अवस्था | ५१ |
| ५.५.३ | उद्देश्य | ५१ |
| ५.५.४ | रणनीतिहरू | ५२ |
| ५.५.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ५२ |
| परिच्छेद छः सुशासन तथा व्यवस्थापन | | ५३ |
| ६.१ | संस्थागत क्षमता विकास | ५३ |
| ६.१.१ | परिचय | ५३ |
| ६.१.२ | वर्तमान अवस्था | ५३ |
| ६.१.३ | उद्देश्य | ५३ |
| ६.१.४ | रणनीतिहरू | ५४ |
| ६.१.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ५४ |
| ६.२ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ५५ |
| ६.२.१ | परिचय | ५५ |
| ६.२.२ | वर्तमान अवस्था | ५५ |
| ६.२.३ | उद्देश्य | ५५ |
| ६.२.४ | रणनीतिहरू | ५५ |
| ६.२.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ५६ |
| ६.३ | अनुगमन तथा मूल्याङ्कन | ५७ |
| ६.३.१ | परिचय | ५७ |
| ६.३.२ | वर्तमान अवस्था | ५७ |
| ६.३.३ | उद्देश्य | ५८ |
| ६.३.४ | रणनीतिहरू | ५८ |
| ६.३.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ५८ |

परिच्छेद सातः लगानी र स्रोत व्यवस्थापन ६०

७.१.१ परिचय ६०

७.१.२ वर्तमान अवस्था ६०

७.१.३ उद्देश्य ६०

७.१.४ रणनीतिहरू ६१

७.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण ६१

परिच्छेद आठः प्रमुख उपलब्धि सूचकहरू ६७

अनुसूचीहरू ७०

**परिच्छेद एक**

**परिचय**

## १.१ पृष्ठभूमि

सिन्धुली जिल्लाको पश्चिमी क्षेत्रमा अबस्थित साबिकको कपिलाकोट, कल्पबृक्ष र महादेवस्थान गरी ३ गाउँ विकास समितिलाई समेटी वि. स. २०७३ साल फाल्गुण २७ गते मरिण गाउँपालिकाको गठन भएको हो। सिन्धुली जिल्लाकै प्रसिद्ध खोला मरिण खोलाको नामबाट यस गाउँपालिकाको नाम मरिण गाउँपालिका राखिएको देखिन्छ। यस गाउँपालिकाको पूर्वमा कमलामाई नगरपालिका, पश्चिममा हरिहरपुरगढी गाउँपालिका, उत्तरमा काभ्रे जिल्ला र घ्याङ्लेख गाउँपालिका र दक्षिणमा सर्लाही जिल्ला पर्छ। यस गाउँपालिकाको कुल क्षेत्रफल ३२४.५५ बर्ग कि. मि. रहेको छ। भौगोलिक धरातलीयरूपमा समथर फाँट, चुरे क्षेत्र, खोला, खोल्सी, अग्लो होचो डाँडाकाँडादेखि महाभारत रेन्जसम्मको भुभाग रहेको छ। गाउँपालिकाको मध्य भागमा खोला किनार र समथर भुभागको हावापानी केही गर्मी रहे तापनि महाभारत श्रृङ्खलाका अधिकांश भुभागको हावापानी भने समसितोष्ण प्रकृतिको रहेको छ। यस गाउँपालिकामा ठाकुर थान मन्दिर, धुरी ढुङ्गा, दरवार भ्युटावर, पन्चकन्या पोखरी मन्दिर, कपिलेश्वर दरवार, चमेरे गुफा, चतुले साततले झरना, तेल्ने खोला, वसेरी खोला, ढोका ढुङ्गा आदि पर्यटकीय स्थलहरू रहेका छन्। यस गाउँपालिकाको बिचबाट मध्य पहाडी लोकमार्ग बनेकाले पनि यस गाउँपालिकाका संभावनाहरू बढेको देखिन्छ। (*मरिण गाउँपालिकाको गाउँ पार्श्व चित्र २०७७*)

घरपरिवार सर्वेक्षण २०७७ अनुसार मरिण गाउँपालिकाको कुल जनसङ्ख्या ३४,७४४ रहेको छ भने राष्ट्रिय जनगणना २०७८ का अनुसार यहाँको जनसङ्ख्या २८,८०८ रहेको छ। घरपरिवार सर्वेक्षण २०७७ मा भन्दा राष्ट्रिय जनगणना २०७८ मा घरधुरी बढेको देखिन्छ भने महिला र पुरूषको सङ्ख्या घटेको देखिन्छ। २०७७ सालको घरपरिवार सर्वेक्षणअनुसार पुरुष र महिला क्रमशः ५१.३१% र ४८.६९% रहेको पाइन्छ। उता जनगणना २०७८ का अनुसार पुरूष र महिला क्रमशः ४९.२४% र ५०.७६% रहेको पाइन्छ। (*स्रोतः मरिण गाउँपालकाको घरपारिवार सर्वेक्षण, २०७७ र राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन।*) वडागत जनसङ्ख्याको विवरण अनुसूचीमा राखिएको छ।जनसङ्ख्याको बनोटलाई तलको बृत्तचित्रबाट तुलना गर्न सकिन्छ।







उमेरका आधारमा जनसङ्ख्याको स्थिति हेर्दा पाँच वर्षमुनीको जनसङ्ख्या २,६६८ र ७० वर्ष माथिको जनसङ्ख्या ८८० रहेको छ, जुन क्रमशः ९.३% र ३.१% हुन आउँछ। (*स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन।*) लैङ्गिकताका आधारमा विभिन्न उमेर समूहको जनसङ्ख्या अनुसूचीमा राखिएको छ।

जातजातिको आधारमा जनसङ्ख्याको स्थितिलाई हेर्दा कुल २८,८०८ जनसङ्ख्यामध्ये सबैभन्दा उच्च १५८६३ जनसङ्ख्या तामाङ्ग रहेको देखिन्छ। दोश्रोमा माझीको जनसङ्ख्या ४,२०८, तेश्रोमा मगरको जनसङ्ख्या ३४०३ रहेको छ। (*स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन।*) जातजातिगत जनसङ्ख्याको बनोट तल देखाइएको छ र विस्तृत विवरण अनुसूचीमा राखिएको छ।




धर्म अनुसार जनसङ्ख्याको स्थिति हेर्दा सबैभन्दा उच्च बौद्धधर्म मान्नेहरू १६३१३ जना रहेका छन् भने हिन्दु धर्म मान्ने १०७४५ जना रहेका छन्। (*स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन।*) धर्मअनुसार जनसङ्ख्याको बनोट तल देखाइएको छ र विस्तृत विवरण अनुसूचीमा राखिएको छ।




यस गाउँपालिकामा प्रमुख गरेर, तामाङ, नेपाली, माझी, नेवारी, थामी, मगर, सुनुवार, हायु, मैथिली, भोजपुरी, बजिका भाषालाई मातृभाषाका रूपमा बोल्ने गरेका छन्। ती मातृभाषाहरूमध्ये सबभन्दा बढी तामाङ र दोस्रोमा नेपाली भाषा बोल्ने जनसङ्ख्या रहेका छन्। (*स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन।*) मातृभाषाअनुसार जनसङ्ख्या विवरण अनुसूचीमा राखिएको छ।

यस गाउँपालिकामा विभिन्न जातजातीका मानिसहरू बसोबास गर्ने हुनाले उनीहरूका मेला, चाडपर्व र जात्राहरू पनि फरक फरक छन्। ल्होसार विशेष गरेर तामाङहरूको चाड हो। यस चाडमा तामाङ् जातीको संस्कृति झल्कने पहिरन लगाइन्छ। दशै, तिहार सबै जातजातीले मनाउने चाड हो। ल्होसार मानेजात्रा हिन्दु, बौद्ध धर्मावलम्बीहरूले मनाउँछन्। यस पर्वमा पितृहरूको नाममा बत्ती बाल्ने गरिन्छ। पञ्चकन्या माझी, तामाङ्, नेवार, दमाइ, कामीले मनाउने अर्को चाड हो। यसमा विशेष गरी मिठा मिठा परिकार खाएर नाचगान गरी रमाइलो गरिन्छ। तीज विशेष गरी ब्राह्मण क्षेत्री महिलाले श्रीमानको दीर्घ आयुका लागि मनाइने चाड हो। माझी समुदायले मनाउने अर्को चाड कोशी पुजा हो। यसमा माझी जातीले आफ्नो संस्कृति प्रस्तुत गर्ने गर्छन्। जनैपूर्णिमा ब्राह्मण क्षेत्रीको चाड हो भने माघे सक्रान्ती सबै जातजातीले मनाउने गर्छन् ।

दक्षिणतर्फ चुरे श्रृङ्खला र उत्तरतर्फ महाभारत पर्वतको बीचमा अवस्थित मरिणखोँच क्षेत्र जैविक विविधता र प्राकृतिक श्रोतका हिसावले महत्वपूर्ण रहेको छ। मरिण खोला लगायतका विविध साना ठूला खोला, खहरेबाट सिंचित भई आएको यो क्षेत्र परापूर्व कालदेखि नै अन्न र पशुजन्य उत्पादनको भण्डारकोरूपमा यस जिल्लामा परिचित छ। परम्परागत कृषिमा निर्भर रहेको यो क्षेत्रमा हाल पशुपालन, तरकारी तथा फलफुलको व्यावसायिक खेती गर्ने प्रचलन बढ्दै गएको छ। यहाँ उपलब्ध जैविक विविधता र प्राकृतिक श्रोतको अधिकतम उपयोग गरी कृषि व्यावसायीकरणमार्फत तुलनात्मक लाभका बालीहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी स्वरोजगार, रोजगार र कृषि व्यवसायी बनाउन सकिन्छ। यस गाउँपालिकामा प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजनाअन्तरगत पकेट क्षेत्र र ब्लकका कार्यक्रम सञ्चालन भइरहेका छन्। प्रदेश सरकारको साझेदारीमा नवप्रवर्तनात्मक कार्यक्रम अन्तर्गत भैंसी र बङ्गुर पालन कार्यक्रमका लागि बजेट प्राप्त भई उक्त कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ। साथै कृषि जोन कार्यक्रम सञ्चालनको लागि पहल भइरहेको छ। यो गाउँपालिकामा कृषि तथा वन विज्ञान विश्वविद्यालयको आङ्गिक कलेज मरिण प्राकृतिक श्रोत व्यवस्थापन कलेज सञ्चालन भई स्नातकसम्मको पठनपाठन भइरहेको छ। (*स्रोतः मरिण गाउँपालकाको अभिलेख।*)

मरिण गाउँपालिकामा ५ वर्ष माथिको जनसङ्ख्या २६,१४० रहेको छ जसमध्ये १७,८५३ जनसङ्ख्या साक्षर रहेको छ। यो सङ्ख्या उक्त उमेर समूहको ६८.३०% हो र अझ पनि ८२८७ जनसङ्ख्या निरक्षर रहेका छन्। (*स्रोतः राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन।*) साक्षरताको अवस्थालाई तल देखाइएको छ भने वडागतरूपमा साक्षरताको अवस्थालाई अनुसूचीमा राखिएको छ।




मरिण गाउँपालिकाभित्र सामुदायिक विद्यालय ४८ वटा, संस्थागत विद्यालय ४ वटा र ८ वटा सामुदायिक बालविकास केन्द्र गरी जम्मा विद्यालयको सङ्ख्या ६० रहेको छ। सामुदायिक विद्यालयमध्ये माध्यमिक विद्यालय ११ र आधारभूत विद्यालय ३७ वटा छन्। संस्थागत विद्यालयतर्फ माध्यमिक विद्यालय १ र आधारभूत विद्यालय ३ रहेका छन्। यी विद्यालयमध्ये एउटा विद्यालयमा कृषि (Plant Science) विषयमा प्राविधिक धार सञ्चालन छ। गाउँपालिकाभित्र ३ वटा सामुदायिक सिकाइ केन्द्र र २ वटा क्याम्पस रहेका छन्। (*स्रोतः गाउँपालिकाको अभिलेख।*)

विद्यार्थी विवरणलाई हेर्दा यहाँ बालविकासदेखि कक्षा १२ सम्ममा जम्मा ८६०० विद्यार्थीहरू अध्ययन गरिरहेका छन्। यसमध्ये सामुदायिक विद्यालयमा छात्र ४८.९१% र छात्रा ५१.०९% रहेका छन् भने संस्थागत विद्यालयमा छात्र ५५.८३% र छात्रा

४४.१७% रहेका छन् । समग्रमा छात्र र छात्रा क्रमशः ४९.५७% र ५०.४६% र लैङ्गिक अनुपात १.०२ रहेको छ । विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीहरू पनि विद्यालयमा अध्ययनरत छन् । यो सङ्ख्या कूल विद्यार्थी सङ्ख्याको ६.९ % रहेको छ अर्थात् ५८० रहेको छ । (*स्रोतः गाउँपालिकाको अभिलेख ।*)

यस गाउँपालिकाको सामुदायिक विद्यालयका शिक्षकको विवरण हेर्दा आधारभूत तह (कक्षा १-५) मा १८१ जना, आधारभूत तह (कक्षा ६-८) मा ४२ जना र माध्यमिक तहमा ४० जना शिक्षकहरू कार्यरत रहेका छन् । यस गाउँपालकामा सामुदायिक र संस्थागत विद्यालयमा सहायक कर्मचारी ११ जना, सहयोगी कर्मचारी ५१ जना र अन्य कर्मचारी ६ जना गरी जम्मा ६८ जना विद्यालय कर्मचारी कार्यरत छन् । (*स्रोतः गाउँपालिकाको अभिलेख ।*)

### १.२ मुख्य समस्या

मरिण गाउँपालिकामा शिक्षाको विकासका लागि धेरै प्रयासहरू भएका छन् । यति हुँदाहुँदै पनि यहाँ धेरै समस्याहरू छन् । सिकाइमा सूचना तथा सञ्चार प्रविधिको न्यून उपयोग हुनु, शिक्षण सिकाइमा शैक्षणिक सामग्रीको न्यून उपयोग हुनु, कक्षाकोठालाई सिकाइको स्रोत बनाउन नसक्नु, विद्यार्थीहरूको सिकाइ उपलब्धि बढाउन नसक्नु, गुणस्तरीय शिक्षाका लागि बुक कर्नर, पुस्तकालय, विषयगत प्रयोगशालाको प्रभावकारी व्यवस्थापन गर्न नसकिनु, विद्यालयमा बालमैत्रीपन बढाउन नसक्नु, विद्यालय सुशासनको अवस्थामा सुधार गर्न नसक्नु लगायतका समस्याहरू मरिण गाउँपालिकाका प्रमुख समस्याहरू हुन् ।

### १.३ चुनौती

सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु यस मरिण गाउँपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ । यस गाउँपालिकामा सामुदायिक विद्यालयमा कक्षाकोठा, शौचालय, खेलमैदान लगायतका भौतिक पूर्वाधारको व्यवस्था गर्नु, न्यूनतमरूपमा विषयगत शिक्षक व्यवस्थापन गर्नु, नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी शिक्षामा सबै प्रकारका बालबालिकाको पहुँच सुनिश्चित गर्नु, आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्नु, विद्यालय शिक्षालाई विभिन्न प्रकारका प्रकोप र महामारी लगायतका विपत्को अवस्थामा पनि निरन्तरता दिनु, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु, सामुदायिक विद्यालयप्रति अभिभावकलाई आकर्षण गरी विश्वास कायम राख्नु, विद्यालयमा भय, विभेद र दूर्व्यवहारमुक्त बनाई विविधताअनुकूल समावेशी र समतामूलक बनाउनु लगायतका चुनौती रहेका छन् ।

### १.४ अवसर

यस गाउँपालिकामा उल्लिखत चुनौतीका बाबजुद प्रशस्त अवसरहरू पनि रहेका छन् । आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी नीतिगत व्यवस्था हुनु, शिक्षा विकासका लागि विभिन्न सङ्घसंस्थाको सहभागिता हुनु, संविधानले शिक्षालाई तिनओटै सरकारको साझा अधिकारभित्र समावेश गरेकाले तिनओटै सरकारले जिम्मेवारी बोध गरी लगानी गर्न सक्ने वातावरण हुनु, विद्यालय तहको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिनु, सूचना तथा सञ्चार प्रविधिको तीव्र गतिमा विस्तार हुनु, स्थानीय पाठ्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहलाई हुनु, विभिन्न राजनैतिक दल र मरिण गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्नु, कोभिडका कारणले वैकल्पिक माध्यमबाट शिक्षा आर्जनको अभ्यास हुनु यस गाउँपालिकाका शिक्षा क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

### १.५ योजना निर्माण प्रक्रिया

योजना बिना गरिएको खर्चबाट उत्कृष्ट नतिजाको परिकल्पना गर्नु व्यर्थ हुन्छ । विकासको पूर्वाधारको पनि पूर्वाधारका रूपमा रहेको शिक्षाको विकासका लागि त झन योजना अपरिहार्य नै हुन्छ । नेपालको संविधानले शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको

साझा जिम्मेवारीका रूपमा राखेता पनि विद्यालय तहको शिक्षा व्यवस्थापनको जिम्मेवारी भने स्थानीय तहलाई सुम्पेको छ। उपलब्ध साधन र स्रोतलाई अधिकतम् उपयोग गरी समय मै लक्ष्य हासिल गर्नका लागि योजनाको आवश्यकता पर्छ। योजना निर्माण प्रक्रिया एक जटिल र चुनौतीपूर्ण कार्य हो।

यस मरिण गाउँपालिकामा विगत २०७६ सालमा ३ वर्षे शिक्षा योजना बनाइएको थियो। उक्त योजनाको अवधि सकिना साथ पुनः अर्को शिक्षा योजना निर्माणका लागि पहल भए तापनि यसले सार्थकता पाउन सकेको थिएन। स्थानीय तहको निर्वाचन भई नयाँ जनप्रतिनिधि आई सकेपछि यस कार्यमा तदारूकता देखाइयो। यसलाई मूर्त रूप दिन प्लान इन्टरनेशनल नेपाल / ह्याण्स नेपाल सिन्धुली शाखाले आर्थिक तथा प्राविधिक सहयोग गर्ने प्रतिबद्धता जनायो। फलस्वरूप गाउँपालिकाका अध्यक्ष श्री बिमर्श मुक्तानको अध्यक्षतामा ७ सदस्यीय शिक्षा नीति तथा योजना निर्माण समिति बन्यो। योजना निर्माण कार्यमा प्राविधिक सहयोग गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्व उपसचिबलाई छनोट गरियो।

भनिन्छ, योजना वर्तमानको अध्ययन गरी भवश्यका लागि बनाइन्छ। यसैक्रममा विद्यालयबाट तत्कालै ताजा तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको थियो। यस गाउँपालिकाका सबै विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा अन्य बुद्धिजिवीहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको थियो। सङ्कलित तथ्याङ्क तथा सूचनाहरू विश्लेषण र बुद्धिजिवीहरूसँग अन्तरक्रिया गरी यस गाउँपालिकाको शिक्षा क्षेत्रका वास्तविक समस्या तथा चुनौतीहरू निर्धारण गरिएको थियो। यी समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्न शिक्षा नीति तथा योजनाको मस्यौदा तयार गरियो। उक्त मस्यौदा योजना शिक्षक, प्रधानाध्यापक, जनप्रतिनिधि तथा बुद्धिजिवीहरूको समूहमा प्रस्तुत गरी आवश्यक पृष्ठपोषण लिइएको थियो। उक्त पृष्ठपोषणका आधारमा शिक्षा नीति तथा योजनालाई अन्तिम रूप प्रदान गरिएको थियो। उक्त योजनालाई गाउँपालिकाबाट अनुमोदन गरी वैधानिकता प्रदान गरिएको थियो।

## परिच्छेद दुई
## सोंच, लक्ष्य, उद्देश्य, रणनीति

### २.१ दूरदृष्टि

चरित्रवान, समावेशी, सिपयुक्त, प्रविधिमैत्री, दक्ष जनशक्ति, मरिण गाउँपालिकाको समृद्धि।

### २.२ लक्ष्य

गुणस्तरीय शिक्षाका माध्यमबाट दक्ष, प्रतिस्पर्धी, उन्नत सोंचयुक्त, नैतिकवान, नवप्रवर्तनशील तथा मरिणबासी भएकोमा गर्व गर्ने सक्षम जनशक्ति उत्पादन गर्ने।

### २.३ उद्देश्य

१. बालबालिकाहरूको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच सुनिश्चित गर्नु।

२. गाउँपालिका क्षेत्रभित्रका विद्यालय उमेर समूहका सबै बालबालिकालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय बनाउनु।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सबैको समावेशी र समतामूलक पहुँच विस्तार गरी गुणस्तर अभिवृद्धि गर्नु।

४. साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु।

५. वहिष्करणमा परेका बालबालिकाका लागि औपचारिक शिक्षामा पहुँच सुनिश्चित गर्नुका साथै वैकल्पिक सिकाइको अवसर पुऱ्याउनु।

६. आपत्कालीन अवस्थामा पनि बालबालिकाले सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारीरूपमा कार्यन्वयन गर्नु।

७. पाठ्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नु।

८. शैक्षिक संस्था र विद्यालयमा सुशासन कायम गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु।

### २.४ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्न देहायका रणनीति अबलम्बन गरिने छ :

१. प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा सबै बालविकास उमेर समूहका बालबालिकाका लागि अनिवार्य गर्ने। (उद्देश्य १ सँग सम्बन्धित)

२. नक्साङ्कनका आधारमा बालविकास केन्द्रहरू स्थापना, समायोजन र पुनर्वितरण गरी उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण तयार पारी गुणस्तरीय प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने। (उद्देश्य १ सँग सम्बन्धित)

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन र पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने। (उद्देश्य २ सँग सम्बन्धित)

४. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन गर्ने। (२)

५. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न समतामूलक उपाय अबलम्बन गरी सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने तथा विद्यालयमा टिकाइ राख्न र गुणस्तर अभिवृद्धिका लागि उत्प्रेरणामूलक उपाय अबलम्बन गर्ने। (२)

६. विद्यालय तहको शिक्षामा सबैको पहुँच र गुणस्तर सुनिश्चित गर्न औपचारिक, अनौपचारिक तथा वैकल्पिक शिक्षा प्रणालीको अबलम्बन गर्ने। (२)

७. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा संलग्न सङ्घसंस्थालाई गाउँपालिकाभित्र आकर्षित गर्न लागत साझेदारीको रणनीतिलाई अवलम्बन गर्ने । (३)

८. प्राविधिक शिक्षा र सिपमूलक तालिमप्रति पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई समेट्न विभिन्न सहुलियत प्रदान गर्ने रणनीति अवलम्बन गर्ने । (३)

९. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर सिर्जना गर्नका लागि सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास गरी आजीवन सिकाइ थलोका रूपमा विकास गर्ने । (४)

१०. अपाङ्गताको प्रकृतिका आधारमा समावेशी शिक्षा तथा वैकल्पिक शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसर उपलब्ध गराउने । (५)

११. भौतिक संरचना तथा सिकाइ वातावरणमा सुधार गरी बालमैत्री, किशोरीमैत्री र अपाङ्गतामैत्री बनाउने । (५)

१२. आपत्कालीन अवस्थामा शिक्षालाई निरन्तरता दिन प्रतिकार्य योजना निर्माण गरी अभ्यास र आवश्यक तयारी गर्ने । (६)

१३. स्थानीय पाठ्यक्रममा आधारित सिकाइ समाग्री विकास गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्ने । (७)

१४. प्रभावकारीरूपमा पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने । (७)

१५. गाउँपालिकाभित्रका शैक्षिक संस्था र विद्यालयहरूसँग कार्यसम्पादन करारको रणनीतिलाई अझ प्रभावकारी बनाउने । (८)

१६. कार्यसम्पादनको स्तरका आधारमा सम्बद्ध जनशक्तिलाई प्रोत्साहन प्रदान गर्ने रणनीतिलाई कार्यान्वयन गर्ने । (८)

## २.५ शिक्षा नीति तथा कार्यनीति

शिक्षाको दूरदृष्टि, लक्ष्य, उद्देश्य र रणनीतिको परिधिभित्र रही देहायबमोजिमका नीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छः

*(शिक्षा नीति तथा कार्यनीति परिच्छेद ३ मा राखिएको छ ।)*

## २.६ अपेक्षित उपलब्धि

१. सत प्रतिशत बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित हुने र बालविकास र शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा बालबालिकाको सत प्रतिशत पहुँच सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने छ ।

३. माध्यमिक शिक्षामा कम्तिमा ८० प्रतिशत बालबालिकाको पहुँच सुनिश्चित भई गुणस्तरमा सुधार भएको हुने छ ।

४. एक घर कम्तिमा एक सिपयुक्त जनशक्तिको अवस्था कायम भई जीवनस्तरमा सुधार भएको हुने छ ।

५. हरेक विद्यालयमा निर्धारित मापदण्ड बमोजिममा विषयगत शिक्षकको व्यवस्था तथा पेसागत दक्षता अभिवृद्धि भई सिकाइमा सुधार भएको हुने छ ।

६. साक्षरता शिक्षा, वैकल्पिक शिक्षा र आजीवन सिकाइको अवसरमा सुधार भएको हुने छ ।

७. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चित हुने छ ।

८. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुने छ ।

९. आपत्कालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चिततामा सुधार भएको हुने छ ।

१०. भौतिक पूर्वाधारहरूको विकास भई विद्यालय वातावरण बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री भई सिकाइ अनुकूल भएको हुने छ।

११. विद्यालयमा सूचना प्रविधिको विस्तार भई सिकाइ उपलब्धिमा सुधार र विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन भएको हुने छ।

१२. शैक्षिक संस्था तथा विद्यालयहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुने छ।

१३. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य

| क्र. स. | कार्यसम्पादन सूचकहरू | ०८०/ ८१ | ०८२/ ८३ | ०८५/८६ | ०९०/९१ |
|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर (%) | २३६.८ | २०० | १५० | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्नादर (%) | ९९.२ | ९९.५ | ९९.८ | १०० |
| १.३ | न्यूनतम योग्यता भएका बालविकासका शिक्षक (%) | १०० | १०० | १०० | १०० |
| १.४ | बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका (%) | ४०.२ | ६० | ८० | १०० |
| **२** | **आधारभूत शिक्षा** | | | | |
| २.१ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्नादर (%) | १३०.७ | १२५ | ११५ | १०० |
| २.२ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | ४०.५ | ५० | ७५ | १०० |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १ | १ | १ | १ |
| २.४ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्नादर (%) | ११९.७ | ११५ | ११० | १०० |
| २.५ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर (%) | ८५ | ९० | ९५ | १०० |
| २.६ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०१ | १ | १ | १ |
| २.७ | आधारभूत तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको प्रतिशत | ४३.१ | ४५ | ४८ | ५० |
| २.८ | नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ५४.१ | ६० | ६४ | ७० |
| २.९ | गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ५१.३ | ५५ | ६० | ६५ |
| २.१० | अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ४९.२ | ५५ | ६० | ६५ |
| २.११ | नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ६०.६ | ६४ | ६८ | ७५ |
| २.१२ | गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ५५.२ | ५९ | ६३ | ७० |

| क्र. स. | कार्यसम्पादन सूचकहरू | ०८०/ ८१ | ०८२/ ८३ | ०८५/८६ | ०९०/९१ |
|---|---|---|---|---|---|
| २.१३ | अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ५५.८ | ५९ | ६३ | ७० |
| २.१४ | आधारभूत तहमा न्यूनतम योग्यता प्राप्त शिक्षक (%) | ९९.६ | ९९.७ | ९९.८ | १०० |
| २.१५ | ५ वटै कक्षामा बुक कर्नरको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | २९.८ | ४५ | ६० | १०० |
| **३** | **माध्यमिक तह** | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | ५४.३ | ६० | ६८ | ८० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ८.१ | २० | ३५ | ६५ |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.२ | १.२ | १.१ | १ |
| ३.४ | माध्यमिक तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षक % | ३०.२ | ३१ | ३३ | ३५ |
| ३.५ | माध्यमिक तह (कक्षा ९-१२) अध्ययनरत विद्यार्थीमध्ये प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी % | ६.१ | ८ | १० | १५ |
| ३.६ | नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा १०) | ५६.२ | ६० | ६५ | ७० |
| ३.७ | गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा १०) | ४५.६ | ५० | ५५ | ६५ |
| ३.८ | विज्ञान विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा १०) | ५३.६ | ५८ | ६४ | ७० |
| ३.९ | अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा १०) | ५४.४ | ५९ | ६४ | ७० |
| **४** | **अनौपचारिक तथा आजीवन सिकाइ** | | | | |
| ४.१ | साक्षरता  दर (५ वर्षभन्दा माथि) % | ६८.३ | ७५ | ८८ | १०० |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता सूचाङ्क (५ वर्षभन्दा माथि) | ०.८२ | ०.९० | ०.९५ | १ |
| **५** | **सूचना तथा सञ्चार प्रविधि** | | | | |
| ५.१ | विद्युत पुगेका विद्यालय (%) | ६५ | ७५ | ९० | १०० |
| ५.२ | इन्टरनेट पुगेका विद्यालय (%) | ६० | ७५ | ९० | १०० |
| ५.३ | कम्तीमा एउटा ल्यापटप/कम्प्युटर भएका सामुदायिक विद्यालय (%) | ४४.२ | ६० | ८० | १०० |
| ५.४ | सामुदायिक विद्यालयका विद्यार्थी ल्यापटप/कम्प्युटर अनुपात | ५१.३:१ | ४५:१ | ४०:१ | २५:१ |
| ५.५ | कम्तीमा एउटा प्रोजेक्टर भएका सामुदायिक विद्यालय (%) | ४६.२ | ५० | ७० | १०० |
| ५.६ | सामुदायिक विद्यालयका विद्यार्थी प्रोजेक्टर अनुपात | १८१:१ | १५०:१ | १००:१ | ४०:१ |
| ५.७ | सिकाइमा सूचना प्रविधिको प्रयोग गर्ने दक्षता भएका शिक्षक (%) | १३.४ | ३५ | ५० | १०० |
| **६** | **भौतिक पूर्वाधार** | | | | |
| ६.१ | छात्र छात्राका लागि अलग अलग शौचालय भएका सामुदायिक विद्यालय (%) | ९२.३ | ९४ | ९६ | १०० |

| क्र. स. | कार्यसम्पादन सूचकहरू | ०८०/ ८१ | ०८२/ ८३ | ०८५/८६ | ०९०/९१ |
|---|---|---|---|---|---|
| ६.२ | अपाङ्गतामैत्री शौचालय भएका विद्यालय (%) | ८८.५ | ९० | ९४ | १०० |
| ६.३ | हात धुने साबुन पानीको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ९२.३ | ९४ | ९६ | १०० |
| ६.४ | स्वच्छ पिउने पानीको सुविधासहितका सामुदायिक विद्यालय (%) | ९.६ | ४० | ७० | १०० |
| ६.५ | बालमैत्री धाराको व्यवस्थासहितका सामुदायिक विद्यालय (%) | ८८.५ | ९० | ९४ | १०० |
| **७** | **सुशासन र व्यवस्थापन** | | | | |
| ७.१ | आधारभूत तह (कक्षा १-५) को सामुदायिक विद्यालय शिक्षक अनुपात | १:३.७ | १: ३.८ | १:३.९ | १:४ |
| ७.२ | आधारभूत तह (कक्षा १-५) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:१९.७ | १: २२ | १: २५ | १: ३० |
| ७.३ | आधारभूत तह (कक्षा ६-८) मा सामुदायिक विद्यालय शिक्षक अनुपात | १: १.४ | १:२.४ | १: २.६ | १: ३ |
| ७.४ | आधारभूत तह (कक्षा ६-८) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:४३ | १:४२ | १: ४१ | १: ४० |
| ७.५ | आधारभूत तह (कक्षा १-८) मा सामुदायिक विद्यालय शिक्षक अनुपात | १:७.२ | १:५.८ | १: ६ | १: ७ |
| ७.६ | आधारभूत तह (कक्षा १-८) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:२४.०६ | १:२५ | १: २७ | १: ३० |
| ७.७ | माध्यमिक तह (कक्षा ९-१२) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:३७.६ | १:३८ | १:३९ | १:४० |
| ७.८ | बालक्लब गठन भएका सामुदायिक विद्यालय (%) | ४७.९ | ५० | ५४ | ६० |
| ७.९ | रेडक्रस गठन भएका सामुदायिक विद्यालय (%) | १८.८ | २६ | ३३ | ४० |
| ७.१० | स्काउट गठन भएका सामुदायिक विद्यालय (%) | १६.७ | २५ | ३२ | ४० |
| ७.११ | सदन गठन भएका सामुदायिक विद्यालय (%) | ६०.४ | ७० | ८५ | १०० |
| ७.१२ | गुनासो सुनुवाइ समिति भएका सामुदायिक विद्यालय (%) | १२.५ | २५ | ४० | ६० |
| ७.१३ | गुनासो पेटिकाको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ७५ | ८२ | ९० | १०० |
| ७.१४ | बाल संरक्षण सम्पर्क बिन्दुको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ६०.४ | ७० | ८० | १०० |

## परिच्छेद तिन

## शिक्षा नीति तथा कार्यनीति

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

**नीति १.** तोकिएको मापदण्ड पालना गर्ने गरी गाउँपालिकाको अनुमति वा स्वीकृतिमा सरकारी, गैह्र सरकारी, सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्ने ।

**कार्यनीति**

१. सबै बालविकास केन्द्र, बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रहरू निर्धारित एउटै मापदण्डका आधारमा सञ्चालनको व्यवस्था मिलाइने छ ।

२. हाल सञ्चालनमा रहेका विद्यालयमा आधारित बालविकास कक्षा तथा समुदायमा आधारित बालविकास केन्द्रको यथार्थ विवरण सङ्कलन एवम् मापदण्डसँग तुलना गरी दातृ निकाय, समुदाय तथा गैरसरकारी संघसंस्थासँगको सहकार्यमा बालविकास शिक्षाको बसाइ, खेलकुद सामग्री र स्थान, भित्ते लेखन, पिउने पानी, शौचालय, खाजा आदि पक्षमा स्तरोन्नती गरिने छ ।

३. गाउँपालिका र समुदायको साझेदारीमा गाउँपालिकाको प्रत्येक वडामा बालबालिकालाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीसहितको बाल उद्यान निर्माण गरिने छ ।

४. दुर्गम, पिछडिएको वर्ग र सीमान्तकृत समूहका बालबालिकाको समेत पहुँच सुनिश्चित हुने गरी आवश्यकताका आधारमा हालका बालविकास केन्द्रको नक्साङ्कन गरी समायोजन र पुनर्वितरण गरिने छ ।

५. चार बर्षभन्दा कम उमेरका बालबालिकाको स्याहार, पोषण र स्वास्थ्यको विकासका लागि अभिभावकको लगानीमा विद्यालयभित्र वा बाहिर बालविकास तथा स्याहार केन्द्र स्थापना र सञ्चालन गर्न सकिने छ ।

६. प्रारम्भिक बालविकासका शिक्षकलाई प्रचलित कानुनमा व्यवस्था भएबमोजिम न्यूनतम् पारिश्रमिक र सामाजिक सुरक्षाको व्यवस्था गरिने छ । त्यस्ता शिक्षकको कार्यसम्पादनका आधारमा प्रत्येक वर्ष मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था कार्यान्वयनमा ल्याइने छ ।

**नीति २.** प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रमा बालबालिकाको सर्वाङ्गीण विकास तथा आधारभूत शिक्षाको तयारीका लागि पर्याप्त पूर्वाधार व्यवस्था गरी कार्यकलापहरू व्यवस्थित, प्रभावकारी र बालमैत्री बनाउने ।

**कार्यनीति**

१. अभिभावक तथा अन्य इच्छुक व्यक्ति वा संघसंस्थासँगको सहकार्यमा गाउँपालिकाबाट स्वस्थ र पोषणयुक्त खाजाको व्यवस्था मिलाइने छ ।

२. बालबालिकाको प्रारम्भिक बालविकास र शिक्षामा पहुँच सुनिश्चित गरी सर्वाङ्गीण विकासका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

३. एकल मातृभाषी कक्षामा मातृभाषा र मिश्रित भाषिक समूह भएका कक्षामा मातृभाषामा आधारित बहुभाषिक माध्यममा सिक्न पाउने अवसर प्रदान गरिने छ ।

४. प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने खालका आवश्यक सामग्री व्यवस्था गरिने छ ।

५. नयाँ नियुक्ति पाएका शिक्षकलाई लामो अवधि र अन्यलाई छोटो अवधिको पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ ।

६. सहजकर्ताको क्षमता विकासका लागि उत्कृष्ट बालविकास केन्द्रको भ्रमण गराइने छ।
७. बालविकास कक्षा तथा बालविकास केन्द्रको अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाइने छ।
८. हरेक वडामा नमुना बालविकास कक्षाको व्यवस्था मिलाइने छ।

### ३.२ विद्यालय शिक्षा

**नीति ३.** सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गर्न पहुँच अभिवृद्धि र निरन्तरतासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

**कार्यनीति**

१. विद्यालय र गाउँपालिकाको सहकार्यमा शैक्षिक सत्रको आरम्भमा विद्यार्थी भर्ना अभियान सञ्चालन गरी आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गरिने छ।
२. आधारभूत विद्यालय उमेर समूहका बालबालिकालाई अभिभावकले विद्यालयमा भर्ना गराई निरन्तरता नदिएमा गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा कटौतीसमेत गर्न सकिने गरी कानुन निर्माण गरिने छ र अभिभावकलाई बोध गराउन जागरण कार्यक्रम सञ्चालन गरिने छ।
३. दुरी र भूगोलसमेतका आधारमा विद्यालयको नक्साङ्कन गरी विद्यालयहरू समायोजन तथा पुनर्वितरण गरिने छ।
४. बाटोघाटोको राम्रो व्यवस्था भएका क्षेत्रमा पायक पर्ने विद्यालयलाई समायोजन गरी बृहद विद्यालय (Big School) को स्थापना गर्दै लगिने छ। यसका लागि यातायातका साधनको व्यवस्था गरिने छ।
५. घरधुरी सर्वेक्षण गरी विद्यालय भर्ना नहुनुको कारणसहित विद्यालय वाहिर रहेका आधारभूत शिक्षा उमेर समूहका बालबालिकाको नामनामेसी सङ्कलन गरी विद्यालयमा भर्नाको पहल गरिने छ।
६. आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई उक्त तह पूरा नगरी विचैमा छाड्ने दर शून्य भएका वडाहरूलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा घोषणा गरिने छ। सबै वडाहरू घोषणा भैसकेपछि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गाउँपालिका घोषणा गरिने छ।
७. आधारभूत तहसम्म विद्यार्थी दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनुका साथै यसको स्तरमा सुधार गरिने छ।
८. आर्थिक रूपले विपन्न दलित, जनजाति, सीमान्तकृत, द्वन्द्वपीडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका छोराछोरीलाई छात्रवृत्ति प्रदान गर्ने र थप प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ।

**नीति ४.** विद्यालय शिक्षामा आवश्यक जनशक्ति व्यवस्थापन, भौतिक एवम् शैक्षिक पूर्वाधार व्यवस्था र शिक्षण सिकाइ प्रक्रियामा सुधार गरी गुणस्तर अभिवृद्धि गर्ने।

**कार्यनीति**

१. आधारभूत तहको कक्षा ५ सम्ममा सञ्चालित कक्षाभन्दा शिक्षक सङ्ख्या कम नहुने गरी र कक्षा ५ भन्दा माथि न्यूनतमरूपमा अनिवार्य विषयका शिक्षकको उपलब्धता गराउने गाउँपालिकाको प्राथमिकता हुने छ।
२. सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा सबै विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार पूरा गरिने छ।
३. बालबालिकालाई अध्ययनको निरन्तरता र गुणस्तर अभिवृद्धका लागि छात्रवृत्ति लगायत विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थी बीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिने छ।

४. विद्यालय कार्यसम्पादन सूचकहरूको विकास गरी आवधिकरूपमा कार्यसम्पादन परीक्षणको व्यवस्था मिलाइने छ । कार्यसम्पादनस्तर उच्च हुने विद्यालयलाई प्रोत्साहन प्रदान गरिने छ ।
५. भाषाका कारणले सिकाइमा समस्या भएका आधारभूत तहका बालबालिकाका लागि मातृभाषामा आधारित बहुभाषिक शिक्षण पद्धति अवलम्बन गरी सिकाइमा सुधार गरिने छ । साथै नेपाली वा अङ्ग्रेजी वा दुबै भाषालाई शिक्षाको माध्यम भाषाकोरूपमा व्यवस्थापन गरिने छ ।
६. विद्यालयमा आधुनिक सूचना प्रविधिका उपकरण बढाई यसको अधिकतम प्रयोग गरी शिक्षण गर्ने व्यवस्था मिलाइने छ । यसका लागि शिक्षकमा दक्षता अभिवृद्धि गरिने छ ।
७. विद्यार्थीको सिकाइमा सुधारका लागि अभिभावकको पनि महत्वपूर्ण जिम्मेवारी हुने हुनाले अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
८. विद्यार्थीहरूको सिकाइ उपलब्धि बढाउने उपायहरू कार्यान्वयन गरी सिकाइ उपलब्धिमा सुधार गरिने छ ।
९. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गरिने छ ।
१०. शिक्षण सिकाइलाई प्रभावकारी बनाउन STEAM Education र STEAM Pedagogy कार्यान्वयनमा ल्याइने छ ।

**नीति ५.** विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरुप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने ।

**कार्यनीति**

१. श्रम बजारको आवश्यकताका आधारमा नक्साङ्कन गरी तोकिएको मापदण्डका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न सहजीकरण गरिने छ ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको अध्ययन गर्न चाहने महिला, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएका समुदाय, जनजातिलाई निश्चित मापदण्डका आधारमा प्रोत्साहित गरिने छ ।

### ३.३ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

**नीति ६.** सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ थलोका रूपमा विकास गर्ने ।

**कार्यनीति**

१. गाउँपालिकाको प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी आवश्यकता अनुसार विस्तार तथा सुदृढीकरण गरिने छ ।
२. गाउँपालिकाभित्र सञ्चालित पुस्तकालयलाई सामुदायिक सिकाइ केन्द्रले व्यवस्थापन गर्ने गरी जिम्मेवारी दिइने छ ।
३. सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक सूचना केन्द्रको पनि जिम्मेवारी दिइने छ ।
४. सामुदायिक सिकाइ केन्द्रमा योगशाला, इन्टरनेट सहितको इ-पुस्तकालय, पुस्तक र पत्रपत्रिकाको व्यवस्था गरी आजीवन सिकाइ थलोका रूपमा विकास गरिने छ ।
५. सामुदायिक सिकाइ केन्द्रको अगुवाइमा विद्यालयको माथिल्लो तहका विद्यार्थीसमेत परिचालन गरी निरक्षरहरूको नामावली सङ्कलन गरिने छ ।
६. सामुदायिक सिकाइ केन्द्र र अन्य सङ्घ संस्थाहरू परिचालन गरी निरक्षरहरूलाई साक्षर बनाइने छ ।
७. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
८. अनौपचारिक शिक्षाको अवसरबाट वञ्चित बालबालिलकाका लागि वैकल्पिक शिक्षाको सञ्चालन व्यवस्थापन गरिने छ ।
९. अनौपचारिक तथा अरितिक माध्यमबाट सिकेको ज्ञान तथा दक्षताको परीक्षण गरी प्रमाणीकरण गरिने छ ।

### ३.४ बालमैत्री तथा समावेशी शिक्षा

**नीति ७.** अपाङ्गता भएका बालबालिकाको सिकाइ आवश्यकता पूरा गर्न स्रोतकक्षासहितको समावेशी शिक्षाको अवसर प्रदान गर्ने ।

**कार्यनीति**

१. अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म साङ्ग बालबालिकासँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरिने छ ।
२. अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकालाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सीप सिक्ने अवसर प्रदान गरिने छ ।
३. अपाङ्गता भएका बालबालिकाका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरू (जस्तैः ह्वील चेयर, छडी, ब्रेल पुस्तक, साङ्केतिक चित्र आदि) को समुचित प्रबन्ध गरिने छ ।
४. सबै प्रकारका अपाङ्गता भएका बालबालिकालाई पठनपाठनमा सहजता ल्याउन शारीरिक तथा बौद्धिक क्षमताअनुसारको अपाङ्गतामैत्री भौतिक पूर्वाधार तथा शैक्षिक वातावरणको प्रबन्ध गरिने छ ।
५. सबै बालबालिकालाई सक्षम बनाउन बालबालिकाको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको व्यवस्था मिलाइने छ ।

**नीति ८.** आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका बालबालिकाहरूलाई शिक्षाको अवसर सुनिश्चित गर्न सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहनलगायतका उपाय अवलम्बन गर्ने ।

**कार्यनीति**

१. विद्यालयको सेवा क्षेत्रभित्रका दलित, जनजाति, सीमान्तकृत र लोपोन्मुख समुदायको बाहुल्यता भएका विद्यालयमा समुदायको भाषा र पृष्ठभूमि बुझ्ने शिक्षकको व्यवस्था गर्न प्राथमिकता दिइने छ ।
२. बालबालिकामा छुवाछुतका कारण हुने मनोवैज्ञानिक प्रभाव र भेदभावलाई अन्त्य गर्न विद्यालयमा छुवाछुत प्रथा पूर्णरूपमा उन्मूलन गर्दै सबैलाई समान व्यवहार र सिकाइमा समान अवसर प्रदान गर्न विद्यालय तथा शिक्षकलाई पूर्ण जिम्मेवार बनाइने छ ।
३. भौतिक तथा शैक्षिक वातावरण अपाङ्गतामैत्री, बालमैत्री तथा किशोरीमैत्री बनाउँदै लगिने छ ।
४. कम्तिमा कक्षा ८ सम्म पठनपाठन हुने सबै विद्यालयमा बालक्लब गठन गरी पठन लगायत सिर्जनशीलता विकासका लागि क्रियाशील बनाइने छ ।
५. सबै बालबालिकाहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरिने छ भने आर्थिक अवस्था ज्यादै कमजोर भएका बालबालिकालाई पोसाक तथा स्टेशनरीको व्यवस्था गरिने छ ।

### ३.५ शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापन

**नीति ९.** सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरूको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने।

**कार्यनीति**

१. विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धिसमेतका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाई शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाइने छ ।

२. आवधिकरूपमा गरिएको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षकलाई विद्यालय र गाउँपालिकाले प्रशंसा पत्र प्रदान गर्ने, पुरस्कार दिने तथा सम्मान गर्ने व्यवस्था गरिने छ ।
३. विद्यालयको कार्यसम्पादन परीक्षणमा उत्कृष्ट हुने विद्यालयलाई प्रोत्साहन प्रदान गरिनेछ ।
४. शिक्षकको पेसागत विकासका लागि उत्कृष्ट विद्यालयको भ्रमण गर्ने, अनुसन्धानात्मक कार्य गर्ने, विषयगत समितिको व्यवस्था गरी क्रियाशील बनाउने, तालिमको व्यवस्था गर्ने, विभिन्न सेमिनार तथा कार्यशालामा भाग लिने अवसर सिर्जना गरिने छ ।

**नीति १०.** विद्यालय र समुदायबीच सहयोगात्मक र सहकार्यात्मक साझेदारी निर्माण गर्दै विद्यालय विकासका लागि प्रभावकारीरूपमा परिचालन गर्ने ।

**कार्यनीति**

१. विद्यालय र समुदाय बीचमा जीवन्त सम्बन्ध निर्माण गर्न, विद्यालयसम्वन्धी नीतिगत निर्णय गर्न, विद्यालय र समुदाय बीच सेतुकोरूपमा काम गर्न र विद्यालयका लागि समुदायको तर्फबाट सहयोग जुटाउन विद्यालय ब्यवस्थापन समितिलाई जिम्मेवार र जवाफदेही बनाइने छ ।
२. विद्यालय व्यवस्थापन समितिको हरेक बैठकमा कम्तिमा एउटा एजेण्डा बालबालिकाको सिकाइसँग प्रत्यक्षरूपमा सम्बन्धित गराइने छ ।
३. शिक्षा क्षेत्र र शैक्षिक संस्थाहरूमा छुवाछुत, बालश्रम र लैंगिक हिंसा एवम् दुर्व्यवहार मुक्त बनाइने छ ।
४. सामुदायिक विद्यालयप्रति अभिभावकहरूको आकर्षण बढाउन तथा भरोसा कायम राख्न सामुदायिक विद्यालयका स्थानीय शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिका छोराछोरीहरूलाई सामुदायिक विद्यालयमा पढाउनु पर्ने नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिने छ ।
५. शैक्षिक व्यवस्थापनको क्षमता अभिवृद्धि तथा संस्थागत विकासका निमित्त प्रधानाध्यापक, शिक्षक, कर्मचारी एवम् व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ ।
६. सामुदायिक विद्यालयको आर्थिक व्यवस्थापनलाई नतिजामुखी, पारदर्शी तथा जवाफदेही बनाउन सामाजिक परीक्षणलाई विद्यालय अनुदानका लागि अनिवार्य सर्तका रूपमा व्यवस्था गरिने छ । यस्तो सामाजिक परीक्षणको प्रतिवेदन अभिभावकको भेलामा सार्वजनिक गरिने छ ।
७. वि.व्य.स.का अध्यक्षहरूको नेतृत्वदायी भूमिकालाई प्रतिष्पर्धी बनाउन गाउँपालिका क्षेत्रभित्रका अध्यक्षमध्ये सूचकका आधारमा उत्कृष्टलाई पुरस्कृत गरिने छ ।

**नीति ११.** विद्यालय नेतृत्वको भूमिका सवलीकरण गर्न प्रधानाध्यापकको योग्यता, सक्षमता र कार्य सम्पादनका आधारमा सुविधा वृद्धि गर्नुका साथै छनोट प्रक्रियालाई योग्यता प्रणालीमा आधारित एवम् पारदर्शी बनाउने ।

**कार्यनीति**

१. विद्यालयको शैक्षिक नेतृत्व र ब्यवस्थापनलाई प्रभावकारी बनाउन प्रधानाध्यापकलाई जिम्मेवार एवम् अधिकार सम्पन्न बनाउने गरी कानूनी प्रवन्ध गरिने छ ।
२. प्रधानाध्यापकलाई विद्यालय सञ्चालनको पूर्ण जिम्मेवारी दिई नतिजाका आधारमा मूल्याङ्कन गर्ने र कार्यबोझ तथा कार्यसम्पादनका आधारमा सेवा सुविधाको व्यवस्थापन गरिने छ ।
३. प्रधानाध्यापकको कार्यसम्पादन परीक्षण गरी उत्कृष्ट नतिजा प्राप्त गर्ने प्रधानाध्यापकलाई सम्मान गर्ने, प्रशंसा पत्र दिनेलगायतका प्रोत्साहन प्रदान गरिने छ ।

४. कार्यसम्पादनमा अब्बल नहुने प्रधानाध्यापकलाई निश्चित मापदण्ड बनाई सोही आधारमा सचेत गराउने र आवश्यक पर्दा प्रधानाध्यापकको जिम्मेवारीबाट अलग गराइने छ।

**नीति १२.** शिक्षक तथा कर्मचारी र पदाधिकारीहरूलाई आफ्नो जिम्मेवारी वहन गर्दै जिम्मेवारीप्रति उत्तरदायी बनाउन पेसागत आचारसंहिता बनाई लागू गर्ने।

**कार्यनीति**

१. शिक्षक, प्रधानाध्यापक तथा कर्मचारी र पदाधिकारीको पेसागत आचारसंहिता तयार गरी कार्यान्वयन गरिने छ र सोअनुसार भए नभएको अनुगमन गरिने छ।
२. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रक्रियालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्यसम्पादन सम्झौता गरिने छ।
३. शिक्षक र कर्मचारीले तोकिएको दैनिक कार्य समयावधि भर आफ्नो पेसासँग सम्बन्धित बाहेक अन्य कुनै पनि पेसामा आबद्ध हुने वा कुनै पनि गैरसरकारी संस्थाका गतिविधि वा राजनीतिक क्रियाकलापमा सहभागी हुने कार्यमा रोक लगाइने छ। यदि त्यस्ता क्रियाकलापमा संलग्न भएको प्रमाणित भएमा कानुनबमोजिम कार्वाही गरिने छ।
४. विद्यालय शान्ति क्षेत्रको अवधारणालाई कार्यान्वयन गर्दै विद्यालयहरूलाई दण्डरहीत शिक्षण सिकाइ गर्ने थलोका रूपमा विकास गरिने छ।

**नीति १३.** निर्धारित मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालय र संस्थाको प्रभावकारी नियमन गर्ने।

**कार्यनीति**

१. निजी लगानीका विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा, सर्त तथा सुविधा, शुल्कको सीमा, कर पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारको स्थितिसमेतको प्रभावकारी नियमन गरिने छ।
२. गाउँपालिकाबाट आवधिकरूपमा सबै प्रकृतिका विद्यालयको सिकाइस्तर जाँच गर्ने र समस्या पहिचान गरी सुधारका उपाय अवलम्बन गर्ने प्रणाली विकास गरिने छ।
३. निजी लगानीमा सञ्चालित विद्यालयले तोकिएको अनुपातमा बिद्यार्थीलाई निःशुल्क छात्रवृत्ति प्रदान गर्नुपर्ने व्यवस्थामा कडाइ गरिने छ। विपन्न जेहन्दार, विपन्न दलित, अपाङ्गता भएका विपन्न विद्यार्थी, विभिन्न विधामा प्रतिभावान विद्यार्थी लगायत लक्षित वर्गको पहिचान गरी छात्रवृत्तिका लागि छनोट गर्ने व्यवस्था मिलाइने छ।
४. गाउँपालिकाबाट ट्यूशन तथा कोचिङ्ग कक्षाको अनुमति, नियमन लगायतका कार्य गरिने छ।

### ३.६ शैक्षिक गुणस्तर

**नीति १४.** पाठ्यक्रम, पाठ्यसामग्री विकास एवम् कार्यान्वयन, शिक्षण सिकाइ प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्ने।

**कार्यनीति**

१. गाउँपालिकाले राष्ट्रिय पाठ्यक्रम प्रारूपको अधीनमा रही स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् कार्यान्वयन, पाठ्यसामग्री वितरण, पाठ्यक्रम कार्यान्वयनलगायतका कार्य गर्नेछ र विद्यालयहरूले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने छन्।
२. पाठ्यक्रमको गुणस्तरीयतालाई कार्यान्वयन गर्न सिकाइ सामग्रीमा आधारित शिक्षण, परियोजना कार्य, प्रयोगात्मक अभ्यास जस्ता रचनात्मक एवम् सृजनात्मक पक्षलाई ध्यान दिई तदनुरूप विद्यार्थीको प्रत्यक्ष सहभागितामा ज्ञान, सीप, क्षमता र सोच विकास गर्ने खालका शिक्षण सिकाइ विधि, प्रविधि र प्रक्रिया अवलम्बन गरिने छ।

३. सम्भव हुने कक्षा, विषय र पाठमा विद्यार्थीका हातहातमा सामग्री पुर्‍याई गरेर सिक्ने वातावरणको निर्माण गरिने छ।

४. आधारभूत तहको कक्षा एकदेखि कक्षा तीनसम्म एकीकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण पद्धति अपनाइने छ। तीन कक्षाभन्दा माथिल्ला कक्षामा विषयगत शिक्षण पद्धति लागू गरिने छ। कक्षा शिक्षण गर्ने शिक्षकलाई प्रोत्साहित गरिने छ।

५. आधारभूत तह (कक्षा ८) को परीक्षा गाउँपालिकाले सञ्चालन तथा व्यवस्थापन गर्नेछ भने अन्य कक्षाका परीक्षालाई व्यवस्थित बनाउन पहल गरिने छ।

६. विद्यालयमा निरन्तर मूल्याङ्कन र निर्माणात्मक मूल्याङ्कनलाई उद्देश्यअनुसार प्रयोग गर्न शिक्षकलाई अभिप्रेरित गरिने छ। यसका लागि शिक्षकमा आवश्यक भए क्षमता विकास गरिने छ।

७. विद्यार्थी र विद्यालयको शैक्षिक स्तर परीक्षण गर्नका लागि हरेक वर्ष कुनै न कुनै कक्षाको उपलब्धि परीक्षण गर्ने व्यवस्था मिलाइने छ। विद्यार्थी मूल्याङ्कनमा उत्कृष्ट विद्यार्थी, विषय शिक्षक, प्रधानाध्यापक र विद्यालयलाई पुरस्कृत तथा सम्मानित गर्ने कार्यक्रम कार्यान्वयन गरिने छ।

८. हरेक पटकको नतिजा प्रकाशन पश्चात् नतिजा विश्लेषण गरी शिक्षण सुधार योजना (TIP) बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ।

९. विद्यालयमा वार्षिक योजना, सह तथा अतिरिक्त क्रियाकलाप योजना, वार्षिक शैक्षणिक योजना र सङ्क्षिप्त दैनिक पाठयोजना निर्माण गरी कार्यान्वयन गरिने छ।

१०. गाउँपालिकाभित्र सञ्चालित कम्तीमा एउटा विद्यालयलाई नमूना विद्यालयका रूपमा विकास गरिने छ र अरु विद्यालयलाई पनि क्रमशः त्यसतर्फ उन्मुख गराइने छ।

**नीति १५.** शिक्षक सक्षमताको प्रारूपका आधारमा शिक्षकको निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने।

**कार्यनीति**

१. शिक्षकको निरन्तर पेसागत विकास गर्न प्रधानाध्यापक र स्वयम् शिक्षकलाई जिम्मेवार बनाउनुका साथै शिक्षकको निरन्तर पेसागत विकास कार्यलाई विद्यार्थी सिकाइ उपलब्धिसँग आबद्ध गरिने छ।

२. शिक्षक तालिम तथा क्षमता विकासका कार्यक्रमहरू मार्फत विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला र गणित (STEAM) सँग सम्बन्धित विषयवस्तुहरू शिक्षण गर्न शिक्षकको पेसागत दक्षता अभिवृद्धि गरिने छ।

३. STEAM Lab को व्यवस्था गरी STEAM शिक्षालाई प्रवद्धन गरिने छ।

४. स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गर्दा STEAM Approach लाई जोड दिइने छ।

५. गाउँपालिकाले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास (कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिविम्वन, शिक्षक नेर्टवर्क, कार्यमूलक अनुसन्धान, मेन्टरीङ, कोचिङ आदि) कार्यक्रमहरू सञ्चालन गरिने छ।

**नीति १६.** विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयलाई सुरक्षित एवम् हरित विद्यालयकोरूपमा विकास गर्ने।

**कार्यनीति**

१. स्तरीय मापदण्डका आधारमा विद्यालयको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपत् उत्थानशील बनाइनुका साथै पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रिया र शिक्षक व्यवहारमा सुधार गरी विद्यालयलाई सम्पूर्णरूपमा सुरक्षित बनाइने छ।

२. सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरेर सबै विद्यालयहरूको स्तरोन्नति गरी भौतिक पूर्वाधार तथा शैक्षिक सुबिधा सम्पन्न विद्यालयकोरूपमा विकास गर्दै लगिने छ।

३. विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस अनिवार्य गरिने छ । विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाई विद्यालयलाई वातावरणमैत्री हरित संस्थाकोरूपमा विकास गरिने छ। "एक विद्यार्थी, एक विरुवा" र "एक विद्यालय, एक बालबगैचा" कार्यक्रम सञ्चालन गरी हरित विद्यालय निर्माण कार्यलाई तीव्रता दिइने छ।

४. विद्यालयमा सुरक्षित विद्यालय र विपत् व्यवस्थापनसम्वन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विपत्को पूर्व तयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालयसम्बन्धी अनुकरण र अभ्यासका क्रियाकलाप नियमितरूपमा सञ्चालन गरिने छ।

**नीति १७.** अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणका माध्यमबाट विद्यालय र शिक्षकलाई सहायता प्रदान गर्ने पद्धतिको विकास गर्ने।

**कार्यनीति**

१. विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन गाउँपालिकाबाट नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षणको व्यवस्था मिलाइने छ। गाउँपालिकाबाट अनुगमन तथा सुपरीवेक्षण गर्दा अवस्थाअनुसार स्थलगत तथा विद्युतीय दुबै प्रकारबाट हुने व्यवस्था मिलाइने छ।

२. परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाइ सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यलाई व्यवस्थित गरिने छ।

३. विद्यालयहरूको नियमित अनुगमन मूल्याङ्कन गर्न तथा स्थलगत शिक्षक सहायताका लागि शिक्षण सहजकर्ताको व्यवस्था गरिने छ।

४. सुपरीवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर र समकक्षी शिक्षकबाट सुपरीवेक्षण गर्ने परिपाटी शुरू गरिने छ।

५. विद्यालयले हाल कार्यान्वयन गरिरहेका असल अभ्यासहरूलाई एक अर्कामा आदानप्रदान गरी सहकार्य गर्ने संस्कृतिको विकास गरिने छ।

६. विद्यालयहरू गाउँपालिकाको सेवा लिनका लागि विद्यालयसम्म आइरहनु नपर्ने गरी प्रविधियुक्त सेवा प्रवाहको ढाँचा अबलम्बन गरिने छ।

७. विद्यार्थी सङ्ख्या, भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, विद्यालयको तह, परीक्षाको परिणाम, गुणस्तर, खेलकुद, अतिरिक्त तथा सह क्रियाकलाप, व्यवस्थापकीय कुशलता तथा प्रभावकारिताका आधारमा विद्यालयहरूको स्तर निर्धारण गरिने छ।

**नीति १८.** सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा एकिकृत गर्दै विद्यालयमा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई प्रविधिमैत्री बनाउने।

**कार्यनीति**

१. विद्यालयमा सूचना प्रविधिको पूर्वाधार विकास गर्दै उच्च गतिको इन्टरनेट सेवाको क्रमशः विस्तार गरिने छ।

२. विद्यालय शिक्षामा प्रारम्भिक बालविकास कक्षादेखि नै सूचना प्रविधिलाई शिक्षण सिकाइको माध्यमका रूपमा प्रयोग गरिने छ।

३. विद्यालयमा एक कम्प्युटर बराबर २५ विद्यार्थीभन्दा बढी नहुँने गरी कम्प्युटरको व्यवस्था गरिने छ। प्रोजेक्टरलाई पनि कम्प्युटर जत्तिकै अत्यावश्यकरूपमा लिई व्यवस्थापन गरिने छ।

४. हरेक शिक्षकसँग १ निजी ल्यापटप हुने गरी व्यवस्थापन गरिने छ। यसका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ। ल्यापटपको व्यवस्था नहुञ्जेल शिक्षण सिकाइमा मोबाइल सेटको प्रयोग गरिने छ।

५. कम्प्युटर प्रयोगशालालाई कम्प्युटर सम्बन्धी ज्ञान र सीप सिकाउनुको साथसाथै अन्य विषयको सिकाइमा पनि प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।

६. विद्यालयमा सूचना प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमा आधारित पठन पाठन प्रक्रियाको अवलम्बन गर्न पूर्वाधार विकास, शिक्षक क्षमता अभिवृद्धि र अनुकूल वातावरण निर्माण गरिने छ ।

७. विद्यालयमा सूचना प्रविधिमा सबैभन्दा बढी दक्ष शिक्षकलाई ICT संयोजक तोकिने छ र संयोजकले अरू शिक्षकहरूलाई ICT सम्बन्धी ज्ञान र सिपमा आफू जत्तिकै दक्ष बनाउन मेन्टरको भूमिका निर्वाह गर्ने व्यवस्था मिलाइने छ । यसका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ ।

# परिच्छेद चार

## विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

### ४.१ बालविकास र शिक्षा

#### ४.१.१ परिचय

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाको सर्वाङ्गीण वकासमा सहयोग गर्न तथा आधारभूत शिक्षाका लागि तयारी हुन सहयोग गर्ने शिक्षा हो । सर्वाङ्गीण विकास अन्तरगत बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्छन् । बालबालिकाको कुनै एक पक्षमा मात्र कमजोरी हुँदा व्यक्तित्व विकासमा बाधा पुग्छ । त्यसैले बालबालिकालाई लेखपढ मात्र गराउनेभन्दा पनि सबै पक्षको सन्तुलित विकासमा जोड दिनुपर्छ । मौजुदा नीतिगत दस्तावेजले चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन हुने उल्लेख गरेको छ ।

#### ४.१.२ वर्तमान अवस्था

यस मरिण गाउँपालिकामा ५६ वटा सामुदायिक र ४ वटा संस्थागत गरी ५६ ओटै विद्यालयमा बालविकास र शिक्षा कार्यक्रम सञ्चालनमा रहेको छ । बालविकास केन्द्रमध्ये २९ वटा सङ्घीय सरकारबाट अनुदान प्राप्त हुने, १९ वटा गाउँपालिकाले अनुदान दिनेगरी सामुदायिक विद्यालयमा सञ्चालित छन् भने ८ वटा गाउँपालिकाले अनुदान दिनेगरी समुदायमा सञ्चालित छन् (*स्रोतः गाउँपालिको अभिलेख*) । यस गाउँपालिकाभित्र ४ वर्ष उमेर पूरा भएका अर्थात् बालविकास र शिक्षा प्राप्त गर्ने उमेर समूहका जम्मा बालबालिकाको सङ्ख्या ५३६ रहेको छ (*स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन*) । हाल सामुदायिक विद्यालयमा ९१५ जना र संस्थागत विद्यालयमा ३५४ गरी जम्मा १२६९ जना बालबालिका भर्ना भई अध्ययन गरिरहेका छन् । यसरी हेर्दा उनीहरूको सहजै देखिने भर्नादर २३६.७५% र खुद भर्नादर ९९.२३% रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहितको भर्नादर भने ४०.१९% रहेको छ । प्रारम्भिक बालविकास र शिक्षामा लैङ्गिक अनुपात ०.८५ रहेको छ । यस गाउँपालिकाभित्र सञ्चालित बालविकास केन्द्रको भौतिक र शैक्षिक अवस्था मिश्रित किसिमको छ । यहाँका सामुदायिक बालविकास केन्द्रमा कार्यरत सबै शिक्षक महिला हुनुहुन्छ । बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकाका अभिभावकलाई हालसम्म कुनै पनि प्रकारको शिक्षा प्रदान गर्न सकिएको छैन । (*स्रोतः गाउँपालिको अभिलेख*)

बालविकास र शिक्षाका क्षेत्रमा धैरै समस्याहरू रहेका छन् । बालबालिकाको सङ्ख्याका आधारमा बालविकास कक्षाहरू समानुपातिकरूपमा वितरण गर्न सकिएको छैन । बालविकास र शिक्षाको तोकिएको उमेरभन्दा कम र बढी उमेरका बालबालिका पनि सहभागी हुनुले सिकाइ सहजीकरणमा कठिनाई आउनुका साथै उनीहरूको सर्वाङ्गीण विकासमा समेत असर पारेको छ । थोरै मात्र बालविकास कक्षाहरू मापदण्ड अनुसारका छन्, अन्यमा मापदण्ड पूरा हुन सकेको छैन । संस्थागत विद्यालय र केही सामुदायिक विद्यालयले समेत २, ३ वर्षको बालविकास कक्षा सञ्चालन गरिरहेका छन् । यसले पनि बालबालिकाको सर्वाङ्गीण विकासमा बाधा पुग्न गएको छ । असजिलो भूगोलका कारणले बालबालिकाको पहुँच सुनिश्चित गर्न सकिएको छैन ।

बालविकास र शिक्षाका केही चुनौती पनि रहेका छन् । बालविकास र शिक्षाको उमेर पुगेका सबै बालबालिकालाई बालविकास केन्द्रमा पुऱ्याउनु, सबै बालविकास केन्द्रलाई मापदण्डअनुसार व्यवस्थापन गर्नु, तुलनात्मकरूपमा न्यून पारिश्रमिकका कारण त्यहाँ अध्यापनरत शिक्षकलाई उत्प्रेरित गर्नु आदि प्रमुख चुनौती हुन् ।

#### ४.१.३ उद्देश्य

प्रारम्भिक बालविकास र शिक्षाका उद्देश्य देहाय बमोजिम रहेका छन् :

१. प्रारम्भिक बालविकास र शिक्षामा पहुँच र गुणस्तर बढाउनु ।

२. सबै बालबालिकाहरूलाई बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गर्नु ।

### ४.१.४ रणनीतिहरू

योजनाका उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ:

१. नक्साङ्कनका आधारमा बालविकास केन्द्र स्थापना, समायोजन र पुनर्वितरण गरी उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण तयार पारी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने।

२. बालबालिकाको सर्वाङ्गीण विकासका लागि सुविधा सम्पन्न बालविकास केन्द्र र बालविकास कक्षाको व्यवस्थासहित नविनतम प्रविधिको उपयोग गरी सिकाइमा गुणस्तर कायम गर्ने।

३. उमेर समूहका सबै बालबालिकाका लागि बालविकास शिक्षा अनिवार्य बनाउने।

४. सबै वडामा नमुना बालविकास केन्द्रको विस्तार गर्ने।

५. सबै बालविकास केन्द्रमा तोकिएको मापदण्ड पूरा गरी बालविकास शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने।

६. बालविकासका शिक्षकहरूको पेसागत आवश्यकता पहिचान गरी तालिम लगायतका अवसर प्रदान गरी पेसागत दक्षता अभिवृद्धि गर्ने।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:** सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित भएको हुने छ।

**प्रमुख नतिजा:**

१. ४ वर्ष उमेर समूहका १०० प्रतिशत बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सहज पहुँच हुने छ।

२. बालविकास र शिक्षा उमेर समूहका १०० प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने छ।

३. सबै बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा हुने छ।

४. बालविकास र शिक्षाका सबै शिक्षकको क्षमता विकास हुने छ।

५. प्रारम्भिक बालविकास र शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, अन्य गैरसरकारी संघ संस्था र विद्यालयहरू जिम्मेवार हुने छन्।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | (१० वर्ष) |
| १ | बालविकास केन्द्रको नक्साङ्कन एवम् केन्द्र थपघट र पुनर्वितरण | पटक | | १ | | | | १ | २ |
| २ | बालविकास र शिक्षाका मापदण्डहरूको प्रबोधीकरण | पटक | | १ | | | | १ | २ |
| ३ | न्यूनतम मापदण्डअनुसार सुरक्षित, बालमैत्री तथा अपाङ्गतामैत्री शौचालय, खेल सामग्री र खेलमैदानसहितको बालविकासका कक्षाकोठाको व्यवस्था | विद्यालय | १५ | ४ | ४ | ४ | ४ | ३१ | ५० |
| ४ | कक्षा १ मा भर्ना हुनका लागि | पटक | १ | | | | | १ | १ |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | (१० वर्ष) |
| | बालविकास र शिक्षाको अनुभवलाई अनिवार्य गर्ने नीतिगत निर्णय | | | | | | | | |
| ५ | एक वडा एक नमुना बालविकास केन्द्र विकास | वडा | ० | १ | ० | १ | ० | २ | ७ |
| ६ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | जना | | १५० | १५० | | | ३०० | ६०० |
| ७ | बालविकास केन्द्रका शिक्षकको क्षमता विकास | शिक्षक | | २६ | २६ | | | ५२ | ५२ |
| ८ | प्रारम्भिक बालविकास र शिक्षाका बालबालिकलाई दिवा खाजाको व्यवस्था | जना | ९५० | १००० | १०५० | १०६० | १०८० | ५१४० | १०४०० |
| ९ | बालविकासका शिक्षकलाई पारिश्रमिक तथा प्रोत्साहन अनुदान प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | खेल सामग्रीसहितको बाल उद्यानको व्यवस्था | वटा | | १ | १ | १ | | ३ | ७ |
| ११ | बालविकासका शिक्षकलाई उत्कृष्ट बालविकास केन्द्रको अवलोकन भ्रमणको व्यवस्था | शिक्षक | | २८ | | २८ | | ५६ | ११२ |
| १२ | शिक्षण सामग्री, डिजिटल सिकाइ सामग्रीका लागि प्रति इकाइ लागत अनुदान | विद्यार्थी | ९५० | १००० | १०५० | १०६० | १०८० | ५१४० | १०४०० |

## ४.२ आधारभूत शिक्षा

### ४.२.१ परिचय

प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्छ। राजनैतिक दल र गाउँपालिकाले आधारभूत शिक्षालाई विशेष जोड दिएकाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुर्‍याई गुणस्तर सुनिश्चित गर्नु गाउँपालिकाको दायित्वभित्र पर्छ। यसैगरी, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने छ भन्ने उल्लेख गरेको छ।

### ४.२.२ वर्तमान अवस्था

यस मरिण गाउँपालिकाभित्र आधारभूत तह सञ्चालित सामुदायिक विद्यालयहरू ४८ वटा र संस्थागत विद्यालयहरू ४ वटा गरी ५२ वटा विद्यालयमा आधारभूत तह सञ्चालनमा रहेको छ । सामुदायिक विद्यालयको आधारभूत तहमा कार्यरत शिक्षकको सङ्ख्या २२३ रहेको छ भने संस्थागत विद्यालयमा ३२ रहेको छ । आधारभूत तहमा सामुदायिक विद्यालयमा ५३६५ र संस्थागत विद्यालयमा ४५३ गरी जम्मा ५८१८ जना विद्यार्थी अध्ययनरत रहेका छन् । कक्षागत विद्यार्थी विविरण तालिकामा राखिएको छ ।

| कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ३९२ | ३९५ | ७८७ | ६३ | ४४ | १०७ | ४५५ | ४३९ | ८९४ |
| २ | ३५१ | ३५२ | ७०३ | ५२ | ४० | ९२ | ४०३ | ३९२ | ७९५ |
| ३ | ३३९ | ३८४ | ७२३ | ४९ | ४५ | ९४ | ३८८ | ४२९ | ८१७ |
| ४ | ३३६ | ३६५ | ७०१ | ४६ | १२ | ५८ | ३८२ | ३७७ | ७५९ |
| ५ | ३२५ | ३१९ | ६४४ | २२ | १८ | ४० | ३४७ | ३३७ | ६८४ |
| ६ | ३४४ | ३०४ | ६४८ | २० | १५ | ३५ | ३६४ | ३१९ | ६८३ |
| ७ | २७६ | ३०७ | ५८३ | ६ | ३ | ९ | २८२ | ३१० | ५९२ |
| ८ | २६६ | ३१० | ५७६ | ७ | ११ | १८ | २७३ | ३२१ | ५९४ |
| जम्मा | २६२९ | २७३६ | ५३६५ | २६५ | १८८ | ४५३ | २८९४ | २९२४ | ५८१८ |

आधारभूत तह (कक्षा १-५) को सहजै देखिने भर्नादर १३०.७२% र खुद भर्नादर ४०.४५% रहेको छ भने आधारभूत तह (कक्षा १-८) को सहजै देखिने भर्नादर ११९.७१% र खुद भर्नादर ८५.०२% रहेको छ । यहाँ खुद भर्नादर ज्यादै कम देखिनुको कारण ढिलो उमेरमा विद्यालय भर्ना गर्नु हो । आधारभूत तह (कक्षा १-५) मा लैङ्गिक अनुपात १ रहेको छ भने आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक अनुपात १.०१ रहेको छ । अपाङ्गता भएका बालबालिकाको सङ्ख्या पनि आधारभूत तहमा उल्लेख्य देखिन्छ । शारीरिक अपाङ्गता ३६५ जना, दृष्टिसम्बन्धी अपाङ्गता भएका २० जना, श्रवणसम्बन्धी अपाङ्गता भएका १४ जना, बौद्धिक अपाङ्गता भएका ३० जना र अन्य १ जना गरी जम्मा ४३० जना बालबालिका विद्यालयमा अध्ययनरत छन् । *स्रोतः मरिण गाउँपालिकाको अभिलेख ।* सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक वर्ष २०७८ को औसत सिकाइ उपलब्धि मध्यमस्तरको रहेको छ । कक्षागत औसत सिकाइउपलब्धि अनुसूचीमा राखिएको छ ।

आधारभूत शिक्षामा पनि धैरै समस्याहरू रहेका छन् । विद्यालयमा न्यूनतम् सङ्ख्यामा पनि शिक्षकको व्यवस्थापन गर्न नसक्नु, विद्यालयमा कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान अपुग हुनु, अधिकांश विद्यालयमा अहिले पनि परम्परागत शिक्षण पद्धतिको उपयोग हुनु, उपलब्धिस्तर न्यून हुनु, अझै पनि विद्यालय उमेरका केही बालबालिका विद्यालयभन्दा बाहिरै हुनु, विद्यालय छाड्ने दर र कक्षा दोहोर्‍याउने दर सून्यमा झार्न नसक्नु, करिब ७ महिना बुबा आमासँगै इटा भट्टामा बालबालिका पनि जाने हुनाले लामो समय पठनपाठन छुट्ने लगायतका समस्याहरू विद्यमान छन् ।

अनिवार्य तथा निःशुल्क शिक्षालाई पूर्णरूपमा कार्यान्वयन गर्नु, विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउनु, टिकाउनु र गुणस्तरिय शिक्षा प्रदान गर्नु, सार्वजनिक शिक्षा प्रति अभिभावकलाई आकर्षित गरी विश्वास कायम राख्नु मरिण गाउँपालिकाको शिक्षाका प्रमुख चुनौतीहरू हुन्।

### ४.२.३ उद्देश्य

आधारभूत शिक्षाका उद्देश्यहरू देहाय बमोजिम छन् :

१. आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्नु,
२. आधारभूत तहको शिक्षालाई निःशुल्क, अनिवार्य, गुणस्तरीय र समावेशी बनाउनु,
३. सबै बालबालिकहरूले आधारभूत तह पूरा गरेको सुनिश्चित गर्नु,
४. आधारभूत तहका सबै बालबालकाको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार गर्नु,
५. विद्यालयको शासकीय तथा व्यवस्थापकीय अवस्थामा सुधार ल्याउनु,
६. विविधता अनुकूल, उत्थानशील र जवाफदेही विद्यालयीय पद्धतिको विकास गर्नु।

### ४.२.४ रणनीतिहरू

योजनाका उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ:

१. नक्साङ्कन गरी विद्यालयको समायोजन तथा पुनर्वितरण गर्ने,
२. बाध्यकारी कानुनको निर्माण गरी आधारभूत तहका सबै बालबालिकालाई विद्यालयको पहुँच सुनिश्चित गर्ने,
३. गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधासँग जोडेर तथा प्रोत्साहनमूलक कार्यक्रममार्फत् आधारभूत तहमा विद्यालय छाड्ने दरलाई सून्यमा झार्ने,
४. बालबालिकाको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापकप्रति र प्रधानाध्यापकलाई गाउँपालिकाप्रति जवाफदेही बनाउने,
५. सिकाइमा भाषाका कारणले कठिनाइ भएका बालबालिकाका लागि बहुभाषिक शिक्षण गर्ने,
६. आधारभूत तह उमेरका बालबालिका विद्यालय वाहिर नरहेको सुनिश्चितताका लागि वडा शिक्षा समितिलाई जिम्मेवार बनाउने र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा घोषणा गर्दै जाने,
७. नियमित विद्यालयमा जानै नसक्ने समूहका बालबालिकाका लागि सिकाइको वैकल्पिक व्यवस्था गरी सिकाइ परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने,
८. विद्यालयमा बालबालिकाको पहुँच एवम् नियमितिता बढाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने।
९. शिक्षण गर्दा सिकाइ सामग्रीको उपयोग गर्न मिल्ने पाठमा अनिवार्य सिकाइ सामग्रीको उपयोग गर्ने संस्कारको विकास गर्ने, सिकाइ सामग्री विद्यार्थीका हातहातमा पुऱ्याउने रणनीति अबलम्बन गर्ने,

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः** अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सतप्रतिशत बालबालिकाको पहुँच सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने छ।

**प्रमुख नतिजाः**

१. उमेर समूहका सतप्रतिशत बालबालिका विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा पूरा गर्ने छन्।
२. विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार हुने छ।

३. विद्यालयमा विषयगत शिक्षकको व्यवस्थामा सुधार हुने छ।

४. बालबालिकाको सिकाइका लागि सरोकारवालाहरूको जवाफदेहिता बढ्ने छ।

५. सबै वडाहरू अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा घोषणा हुने छन्।

**प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

| क.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | आधारभूत तहका बालबालिकालाई विद्यालयमा अनिवार्य भर्ना र निरन्तरताका लागि नीति निर्माण एवम् कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | बुक कर्नरको व्यवस्था | विद्यार्थी | ३५७० | ३५९० | ३६५० | ३६८० | ३७०० | १८१९० | ३७००० |
| ३ | सिकाइ सामग्री निर्माण एवम् प्रयोगसम्बन्धी कार्यशाला सञ्चालन | शिक्षक | ० | ६० | ६० | ६० | ६० | २४० | ५०० |
| ४ | बालबालिकाका लागि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | बालबालिकाका लागि पढाइ उत्सव तथा प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | आधारभूत तहका बालबालिका विद्यालय वाहिर नरहेको वडा घोषणा | वडा | | | १ | १ | १ | ३ | ७ |
| ७ | विद्यालयहरूलाई शिक्षक अनुदान (आधारभूत तह कक्षा १-५) | शिक्षक | १५ | १५ | १५ | १५ | १५ | ७५ | १५० |
| ८ | विद्यालयहरूलाई शिक्षक अनुदान (आधारभूत तह कक्षा ६-८) | शिक्षक | १४ | १४ | १४ | १४ | १४ | ७० | १४० |
| ९ | आधारभूत तह (कक्षा ६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | तलब भत्ता अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.३ माध्यमिक शिक्षा

### ४.३.१ परिचय

आधारभूत शिक्षा प्राप्त गरिसकेका बालबालिकाका लागि कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । यस तहको शिक्षाले मानवीय मूल्यका साथै भाषा, कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रमा आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिपसहितको नागरिक विकास गर्ने शिक्षा पनि हो । यस तहको शिक्षाले उच्च शिक्षाका लागि आधार पनि तयार गर्छ । माध्यमिक तहको शिक्षा साधारण धार, संस्कृत धार र प्राविधिक धारको हुने व्यवस्था गरिएको छ ।

नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हकका रूपमा व्यवस्था गरेको छ । माध्यमिक तहको शिक्षाका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार जिम्मेवार हुने गरी तिनै सरकारको साझा सूचिमा राखेको छ तर पनि व्यवस्थापनको जिम्मेवारी भने स्थानीय सरकारलाई सुम्पेको अवस्था छ ।

### ४३.२ वर्तमान अवस्था

यस मरिण गाउँपालिकामा ११ वटा सामुदायिक र एउटा सस्थागत गरी जम्मा १२ वटा माध्यमिक विद्यालयहरू रहेका छन् । यसमध्येमा एउटा माध्यमिक विद्यालयमा बालि विज्ञान विपयको प्राविधिक धार पनि सञ्चालनमा रहेको छ । २ वटा विद्यालयहरूमा कक्षा १२ सम्मको पठनपाठन हुन्छ । यस गाउँपालकाभित्रका सामुदायिक विद्यालयमा १५०५ र संस्थागत विद्यालयमा ८ जना गरी जम्मा १५१३ जना माध्यमिक तहका विद्यार्थीले अध्ययन गरिरहेका छन् । माध्यमिक तहमा अध्ययन गर्ने छात्र र छात्राहरू क्रमशः ४५.१४% \र ५४.८६% रहेका छन् । यस तहको सहजै देखिने भर्नादर ५४.३३% र खुद भर्नादर ८.०८% रहेको छ । यस तहको लैङ्गिक अनुपात १.२२ रहेको छ । कक्षागत विद्यार्थी विवरण अनुसूचीमा राखिएको छ । (स्रोतः *मरिण गाउँपालिकाको अभिलेख ।*)

माध्यमिक तहको कक्षा ९ र १० का विद्यार्थीहरूको सिकाइ उपलब्धि मध्यमस्तरको रहेको छ । विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दर यस तहमा पनि उल्लेख्य देखिन्छ । विद्यालय छाड्ने दर १.०४% र कक्षा दोहोर्‍याउने दर १.१३% रहेको छ जुन बढी नै मान्नुपर्छ । त्यसैगरी शैक्षिक सत्र २०७८ मा कक्षा ९, १०, ११ र १२ का विद्यार्थीहरूको औसत हाजिर दिन क्रमशः १२४.९, ११८.६, १०२.९ र १०४.५ रहेको छ ।(स्रोतः *मरिण गाउँपालिकाको अभिलेख ।*)

यहाँका सामुदायिक विद्यालयमा माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकको सङ्ख्या ३२ जना र प्राविधिक धारतर्फ ८ जना रहेका छन् भने संस्थागत विद्यालयमा ५ जनाले शिक्षण गर्छन् । सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात १:३७.६ रहेको छ तर पनि विषययगत शिक्षकहरू सबै विद्यालयमा पुर्‍याउन सकेको अवस्था छैन ।(स्रोतः *मरिण गाउँपालिकाको अभिलेख ।*)

माध्यमिक शिक्षाको यो अवस्था हुँदा हुँदै पनि माध्यमिक शिक्षाका धैरै समास्याहरू पनि रहेका छन् । भवन, कक्षाकोठा, विषयगत प्रयोगशाला, खेलमैदान लगायतका भौतिक पूर्वाधारको व्यवस्था गर्न नसकिनु, विषयगत शिक्षकको व्यवस्था हुन नसक्नु, विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षाकृतरूपमा वृद्धि हुन नसक्नु, माध्यमिक तहको शिक्षा पूर्णरूपमा निःशुल्क गर्न नसक्नु, प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गर्न नसक्नु, परम्परागत शिक्षण ढाँचामा अपेक्षाकृत सुधार गर्न नसकिनु लगायतका समस्याहरू यहाँको माध्यमिक शिक्षाका प्रमुख समस्या तथा चुनौतीहरू हुन् ।

### ४.३.३ उद्देश्य

माध्यमिक शिक्षाका उद्देश्य देहाय बमोजिम रहेका छन् **:**

१. माध्यमिक शिक्षामा बालबालिकाको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।

२. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउनु ।
३. माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्नु ।
४. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ।
५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय पक्षमा सुधार ल्याउनु ।

### ४.३.४ रणनीतिहरू

उल्लिखित उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
२. विद्यालय बाहिर रहेका बालबालिकाका लागि वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
३. विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।
४. विद्यार्थीको उपलब्धिस्तर बढाउन र कक्षा दोहोर्‍याउने दर सून्यमा झार्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
५. शिक्षकमा सूचना प्रविधिको उपयोग गरी शिक्षण गर्ने दक्षता अभिवृद्धि गर्न तालिमका साथसाथै स्वसिकाइ र सहयोगात्मक सिकाइका तरिकालाई बढावा दिने ।
६. स्थानीय शिक्षक, कर्मचारी र जनप्रतिनिधिहरूले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गर्न नीतिगत निर्णय गरी कार्यान्वयन गर्ने ।
७. विषयगत प्रयोगशालाको विकास र विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
८. नियमित मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।
९. विषयगत प्रयोगशाला र विद्यार्थी केन्द्रित शिक्षण विधिको उपयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
१०. STEAM Education लाई सिकाइ रणनीतिका रूपमा कार्यान्वयन गर्ने ।

### ४.३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः** माध्यमिक शिक्षामा कम्तिमा ८० प्रतिशत विद्यार्थीको पहुँच सुनिश्चित भई गुणस्तरमा सुधार भएको हुने छ ।

**प्रमुख नतिजाः**

१. कम्तिमा ८० प्रतिशत विद्यार्थीहरूको माध्यमिक शिक्षामा पहुँच सुनिश्चित हुने छ ।
२. माध्यमिक तहका सबै विषयको सिकाइ उपलब्धिमा उल्लेख्य वृद्धि हुने छ ।
३. सबै विद्यालयमा न्यूनतम मापदण्ड पूरा हुने छ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | विद्यालय नक्साङ्कन तथा समायोजन र पुनर्वितरण | पटक | | | १ | | | १ | २ |

| क.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| २ | शिक्षकको कार्यसम्पादन परीक्षणका सूचक विकास एवम् परीक्षण | पटक | विकास | परीक्षण | परीक्षण | परीक्षण | परीक्षण | परीक्षण | परीक्षण |
| ३ | प्रधानाध्यापक एवम् शिक्षकहरूको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | कार्यसम्पादन स्तर उत्कृष्ट भएका प्रधानाध्यापक तथा शिक्षकलाई प्रोत्साहन प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | विद्यार्थीको नियमितता बढाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | योजनबद्ध शिक्षण व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | शिक्षण सिकाइ सामग्री प्रदर्शनी प्रतियोगिता सञ्चालन (हरेक वर्ष १, १ विषयको) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | पूर्व विद्यार्थी समाज गठन एवम् परिचालन | विद्यालय | ४ | ५ | ५ | २ | | १६ | ३० |
| ९ | सिर्जनात्मक तथा नवप्रवर्तनात्मक क्रियाकलापका लागि प्रस्तावका आधारमा प्रोत्साहन अनुदान | विद्यालय | १ | २ | २ | २ | २ | ९ | २० |
| १० | STEAM Education & Pedagogy सम्बन्धमा अभिमुखीकरण कार्यशाला सञ्चालन | समूह | | १ | १ | १ | | ३ | ५ |
| ११ | STEAM Teacher Group गठन गरी STEAM कार्यक्रम कार्यान्वयन | विद्यालय | | ११ | ११ | | | २२ | २२ |
| १२ | STEAM मा आधारित परियोजना प्रतियोगिता सञ्चालन (विद्यार्थीका लागि) | पटक | १ | १ | १ | १ | १ | ५ | ८ |
| १३ | कार्यमूलक अनुसन्धान सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४ | विद्यालयमा सदन, बालक्लब, स्काउट र जुनियर रेडक्रस गठन एवम् व्यवस्थापन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ९० |
| १५ | अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | विद्यालय | २० | २० | २० | २० | २० | १०० | २०० |

| क.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १६ | कक्षा ११ र १२ सञ्चालित विद्यालय थप | विद्यालय | | १ | १ | | | २ | २ |
| १७ | तलब भत्ता अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.४ पाठ्यक्रम र मूल्याङ्कन

### ४.४.१ परिचय

बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सिप र अनुभवको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रमले बालबालिकाहरूको सम्पूर्ण शैक्षिक अनुभवलाई समेट्ने प्रयास गर्छ । पाठ्यक्रमका माध्यमबाट प्राप्त शिक्षाले व्यक्तिलाई समाज र विश्व परिवेश अनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यावसाय छनोट गरी सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत नवीन आयाम समावेश गरी कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम र त्यसमाथि कक्षा १० सम्म सक्षमतामा आधारित तथा कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम ढाँचा अबलम्बन गर्ने कुरा उल्लेख गरेको छ । मानवीय आवश्यकता, बालबालिकाको रूची, सामाजिक मूल्य मान्यता, समाज र विश्व परिवेशमा विकास भएको ज्ञान, सिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाका रूपमा लिनुपर्ने हुन्छ । स्थानीय आवश्यकता, मूल्य र मान्यताअनुरूपको हुने गरी स्थानीय व्यक्तिहरूको संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माणको संयोजन गर्ने जिम्मेवारी वर्तमान नीतिगत दस्तावेजहरूले स्थानीय तहलाई दिएको अवस्था छ भने विद्यालय तहको राष्ट्रिय पाठ्यक्रमलाई कार्यान्वय गराउने जिम्मेवारी पनि स्थानीय तहको नै रहेको छ । स्थानीय पाठ्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा विद्यार्थी मूल्याङ्कनलाई पनि पाठ्यक्रमको मर्मअनुसार नै सञ्चालन गर्नुपर्छ ।

### ४.४.२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्रका विद्यालयहरूमा कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणा अनुरूप विभिन्न विषयका विषयवस्तुहरूलाई साझा विषयक्षेत्रका माध्यमबाट एकीकृत गरिएको छ । हालैमात्र यस गाउँपालिकाले स्थानीय विज्ञहरूको मद्दतबाट स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयमार्फत् कार्यान्वयन गरिरहेको छ । यस वर्ष उक्त पाठ्यक्रम कार्यान्वयनमा सहजताका लागि विद्यार्थी सिकाइ सामग्री तयार पारी २०८० सालबाट प्रयोगमा ल्याउने पहल भइरहेको छ ।

यहाँका सबै सामुदायिक विद्यालयले पाठ्यक्रम विकास केन्द्रद्वारा निर्मित पाठ्यपुस्तकको प्रयोग गर्छन्  भने संस्थागत विद्यालयहरूले भने पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेका पाठ्यपुस्तकको प्रयोग गर्ने गरेका छन् । शैक्षिक सत्र सुरू हुनासाथ विद्यार्थी भर्ना गरी पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ । यहाँको एउटा पनि विद्यालयले पाठ्यक्रमलाई सन्तोषजनकरूपमा उपयोग गरिरेको देखिदैन । त्यसैगरी शिक्षक निर्देशिकाको प्रयोग पनि सन्तोषजनक देखिदैन । पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपयोग सम्बन्धी विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।

यहाँका ५४ वटा विद्यालयले नियमित सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेका र २ वटा विद्यालयमा खासै सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिदैन । विद्यालयको समग्र पक्षको सन्तुलित एवम् योजनावद्ध विकासका लागि विद्यालय सुधार योजना बनाइन्छ । विद्यालय सुधार योजनालाई हरेक वर्ष अद्यावधिक गर्नुपर्छ । यस गाउँपालिकाभित्रका ५१ वटा विद्यालयमा

विद्यालय सुधार योजना निर्माण गरिएको छ भने अद्यावधिक गर्ने विद्यालय ५० वटा रहेका छन् । विद्यालय सुधार योजनालाई पूर्णरूपमा कुनै पनि विद्यालयले कार्यान्वयन गर्न सकेका छैनन् । आंशिकरूपमा कार्यान्वयन गर्ने विद्यालयहरू ५० वटा रहेका छन् ।

यस गाउँपालिकाभित्रका विद्यालयहरूमा नयाँ पाठ्यक्रम अनुसार नै मूल्याङ्कन गर्ने कोशिस भएको देखिन्छ । एकीकृत पाठ्यक्रम अनुसार विद्यार्थी मूल्याङ्कन गर्नका लागि शैक्षिक सत्र २०७९ मा हरेक सामुदायिक विद्यालयका एक एक जना शिक्षकका लागि तालिमको समेत व्यवस्था गरिएको थियो । विद्यार्थी मूल्याङ्कनलाई वर्तमान पाठ्यक्रमअनुसार र मूल्याङ्कनका साधनहरूको उद्देश्य अनुसार उपयोग गर्नुपर्छ । ३ वटा विद्यालयहरूले सन्तोषजनकरूपमा विद्यार्थी मूल्याङ्कन गरिरहेको दावि गरेका छन् भने १० वटा विद्यालयहरूले मध्यमरूपमा, २८ वटा विद्यालयहरूले न्यूनरूपमा र १५ वटा विद्यालयले अति न्यूनरूपमा उपयोग गरेका छन् । यसका आधारमा विद्यार्थी मूल्याकन प्रभावकारी नभएको निष्कर्ष निकाल्न सकिन्छ । (*स्रोतः गाउँपालिको अभिलेख*)

अन्य विषय क्षेत्रको जस्तै पाठ्यक्रम र मूल्याङ्कनका पनि धेरै समस्या तथा चुनौतीहरू रहेका छन् । सबै शिक्षकहरूमा पाठ्यक्रम र शिक्षक निर्देशिकाको महत्वलाई बोध गरी उचित प्रयोग गर्न नसक्नु, शिक्षकहरूमा पाठ्यक्रमको उपयोगसम्बन्धी क्षमता विकास गर्न नसक्नु, सबै शिक्षकहरूमा नयाँ पाठ्यक्रमको अभिमुखीकरण गर्न नसक्नु, शिक्षकहरूमा नयाँ पाठ्यक्रम अनुसारको मूल्याङ्कन पद्धतिभन्दा पूरानै पद्धति अनुसरण गर्न सहज मान्ने प्रवृर्ति हुनु, निर्माणात्मकभन्दा पनि निर्णयात्मक मूल्याङ्कन गर्ने संस्कार हुनु आदि गाउँपालिका भित्रका पाठ्यक्रम र मूल्याङ्कनका प्रमुख समस्या तथा चुनौतीहरू हुन् ।

### ४.४.३ उद्देश्य

पाठ्यक्रम र मूल्याङ्कन विषय क्षेत्रका उद्देश्य देहाय बमोजिम रहेका छन् :

१. समय सापेक्ष, सान्दर्भिक र गुणस्तर प्राप्तिका लागि पाठ्यक्रमलाई प्रभावकारीरूपमा प्रयोग गर्नु,
२. निर्माणात्मक, निदानात्मक र निर्णयात्मक मूल्याङ्कन पद्धतिको उचित कार्यान्वयन गर्नु,
३. पाठ्यक्रमलाई प्रविधिसँग सम्बन्धित गराई प्रविधिमैत्री सिपयुक्त जनशक्ति तयार गर्नु,
४. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

### ४.४.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ ।

१. शिक्षक निर्देशिका तथा स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।
२. सहपाठी सिकाइका विभिन्न तौर तरिकाको कार्यान्वयन गर्ने ।
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्ने ।
४. शिक्षक सहायता प्रणालीको कार्यान्वयन गर्ने ।
५. स्थानीय पाठ्यक्रममा आधारित विद्यार्थी सिकाइ सामग्रीको विकास गरी कार्यान्वयन गर्ने ।
६. विद्यार्थीहरूलाई नियमितरूपमा अतिरिक्त क्रियाकलापमा भाग लिन पाउने व्यवस्था मिलाउने ।
७. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने ।
८. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गर्ने ।

### ४.४.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः** सिकारूमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।

**प्रमुख नतिजाः**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार हुने छ ।

२. स्थानीय पाठ्यक्रममा आधारित विद्यार्थी सिकाइ सामग्री विकास भई कार्यान्वयन हुने छ ।

३. सुधारात्मक, निदानात्मक तथा आवधिक मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ स्तर बढ्ने छ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | | | | १ | | १ | १ |
| २ | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | समूह | | २ | | २ | | ४ | ८ |
| ३ | निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | विद्यालय | ५२ | ५२ | ५२ | ५२ | ५२ | २६० | ५२० |
| ५ | स्थानीय पाठ्यक्रममा आधारित विद्यार्थी सिकाइ सामग्री विकास एवम् वितरण | पटक | विकास | वितरण | वितरण | वितरण | वितरण | वितरण | वितरण |
| ६ | निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कनको प्रभावकारी प्रयोगका लागि तालिम सञ्चालन | शिक्षक | | ५२ | ५२ | | | ११२ | २२४ |
| ७ | सबै शिक्षकका लागि पाठ्यक्रम, शिक्षक निर्देशिका, लेटर ग्रेडिङ् कार्यान्वयनका लागि सहयोगी पुस्तिका लगायतका सामग्रीहरूको मुद्रित प्रति वा डिजिटल प्रतिको वितरण | पटक | १ | | | | | १ | २ |
| ८ | शिक्षण सिकाइ सामग्रीको अधिकतम प्रयोग गरी शिक्षण व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | योजनबद्ध शिक्षण व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | कक्षा १ का विद्यार्थीको कार्य सञ्चयिका तयारी तथा कक्षा २ र ३ को अद्यावधीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | कक्षा ८ को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | वर्तमान पाठ्यक्रम बमोजिम विद्यार्थी मूल्याङ्कन सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३ | गणित विज्ञान विषयको सिकाइ सामग्री प्रदर्शनी आयोजना (विद्यार्थीका लागि) | पटक | | १ | १ | १ | १ | ४ | ९ |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १४ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.५ शिक्षक व्यवस्थापन र विकास

### ४.५.१ परिचय

बालबालिकाहरूको भावी जीवनलाई दिशा निर्देश गर्न तथा देशको मानवीय पूँजीको विकास गर्न शिक्षकको अहम भूमिका रहेको हुन्छ । सभ्य, सुसंस्कृत तथा शिक्षित समाज निर्माणमा शिक्षकको ठूलो योगदान रहेको हुन्छ, त्यसैले शिक्षकहरूलाई परिवर्तनको संवाहक मानिन्छ । क्षमतावान शिक्षक र गुणस्तरीय शिक्षा एक अर्काका पर्याय हुन् । शिक्षक योग्य, व्यावसायिकरूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ ।

नेपालमा मुख्यरूपमा विश्वविद्यालयले शिक्षक तयारीको कार्य गर्छन् । केही मात्रमा कक्षा ११ र १२ मार्फत विद्यालयले पनि यो कार्य गर्दै आएका छन् । शिक्षक अध्यापन अनुमति पत्रको परीक्षा सञ्चालन गरी अध्यापन अनुमति पत्र प्रदान गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले र पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षक पेसागत विकासका लागि टिपिडी लगायतका तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रले गर्दै आएको छ ।

### ४.५.२ वर्तमान अवस्था

यस गाउँपालिकामा आधारभूत तह (कक्षा १-५) मा स्वीकृत दरबन्दी ९४, रातह अनुदान ७२ र गाउँपालिका अनुदानबाट १५ गरी १८१ शिक्षकहरूका लागि विद्यालयमा अनुदान जाने गरेको छ । त्यसैगरी, आधारभूत तह (कक्षा ६-८) मा स्वीकृत दरबन्दी ५, रातह अनुदान १३, प्राविधिक धार २, सङ्घीय अनुदान ८ र गाउँपालिका अनुदानबाट १४ गरी ४२ शिक्षकका लागि विद्यालयमा अनुदान जाने गरेको छ । माध्यमिक तहमा स्वीकृत दरबन्दी ८, राहत अनुदान ६, प्राविधिक धार ६, सङ्घ अनुदान १४, प्रदेश अनुदान ३ र गाउँपालिका अनुदान ३ गरी ४० जना शिक्षकका लागि अनुदान जाने गरेको अवस्था छ । शिक्षा विकास तथा समन्वय इकाइबाट नियुक्ति लिई पदस्थापनका लागि गाउँपालिकामा आएका शिक्षकहरूलाई गाउँपालकाले पदस्थापन गर्ने अभ्यास रहेको छ । शिक्षकको बढुवा प्रयोजनका लागि कार्यसम्पादन मूल्याङ्कन कार्यमा गाउँपालिका पनि संलग्न हुने अभ्यास छ भने बढुवा गर्ने कार्य शिक्षक सेवा आयोगले नै गर्दै आएको छ । शिक्षकको पेसागत विकास तथा शिक्षक सहायताका लागि गाउँपालिकाले एकजना शिक्षण सहजकर्ताको व्यवस्था गरेको छ । *(स्रोतः मरिण गाउँपालिकाको अभिलेख ।)*

शिक्षक व्यवस्थापन र विकासका पनि प्रशस्तै समस्या तथा चुनौतीहरू रहेका छन् । अहिले पनि शिक्षकको रोजाइको पेसा शिक्षक हुन सकेको अवस्था छैन । अधिकांश शिक्षकको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन सकेको अवस्था छैन । आफूले गरेको कामबाट अधिकांश शिक्षकहरू सन्तुष्ट हुनुहुन्न, त्यसैले अहिले पनि धेरैजना शिक्षकका छोराछोरीलाई शिक्षक स्वयमले अध्यापन गर्ने विद्यालयमा भर्ना गर्न सकिएको छैन । बालबालिकाको सिकाइप्रति शिक्षकहरूलाई जिम्मेवार बनाउन नसकिएको अवस्था छ । दोष अरूतर्फ पन्छाउने (Blame Culture) अहिले पनि विद्यमान रहेको छ । कतिपय स्थानमा असजिलो भूगोल र

पातलो वस्तीका कारणले विद्यार्थीको सङ्ख्या कम छ । विद्यालयका लागि आवश्यक पर्ने न्यूनतम शिक्षक सङ्ख्या पनि व्यवस्था गर्न सकिएको अवस्था छैन । सुपरीवेक्षण तथा अनुगमन पनि प्रभावकारी बनाउन सकिएको छैन ।

### ४.५.३ उद्देश्य

योजनामा शिक्षक व्यवस्थापन र विकास क्षेत्रका देहायका उद्देश्य रहेका छन् :

१. मापदण्डबमोजिम विषयगत शिक्षक व्यवस्थापन गर्नु ।

२. शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्नु ।

३. शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु ।

### ४.५.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू प्राप्तिका लागि देहायका रणनीतिहरू अवलम्बन गरिने छः

१. बाटोघाटोको राम्रो व्यवस्था भएका स्थानहरूमा वृहद विद्यालय (Big School) स्थापना गरी नजिकका विद्यालयलाई समायोजन गरी विषयगत शिक्षकको दरबन्दी मिलान गर्ने ।

२. कम्तिमा न्यूनतमरूपमा भएपनि विषयगत शिक्षकको व्यवस्था गर्ने ।

३. शिक्षक पेसागत विकासका उपायहरू खोजी गरी कार्यान्वयन गर्ने ।

४. प्रधानाध्यापक र शिक्षकहरूको कार्यसम्पादन परीक्षण साधनहरूको विकास गरी कार्यसम्पादन आवधिकरूपमा परीक्षण गर्ने ।

५. कार्यसम्पादनस्तर उत्कृष्ट रहेका शिक्षकलाई पुरस्कार, सम्मानलगायतका उपायलाई कार्यान्वयन गरी शिक्षण पेसातर्फ आकर्षण बढाउने ।

६. शिक्षकको पेसागत आवश्यकता पहिचान गरी मागमा आधारित पुनर्ताजगी तालिम प्रदान गर्ने ।

७. नतिजालाई सुविधासँग जोडी मेहनतको कदर गर्ने संस्कारको विकास गर्ने ।

### ४.५.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः**

१. विषयगत शिक्षकको आपूर्तिमा वृद्धि तथा पेसागत दक्षता अभिवृद्धि भई सिकाइमा सुधार भएको हुने छ ।

२. शिक्षण पेसामा आकर्षण बढेको हुने छ ।

**मुख्य नतिजाहरूः**

१. वृहद विद्यालय (Big School) स्थापना भई विद्यालय समायोजन हुने छन् ।

२. विषयगत शिक्षक नभएका विद्यालयमा विषयगत शिक्षकको आपूर्ति हुने छ ।

३. शिक्षकको पेसागत दक्षतामा अभिवृद्धि हुने छ ।

४. शिक्षण पेसाका प्रतिस्पर्धिहरूको सङ्ख्या वृद्धि हुने छ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | कार्यसम्पादन मूल्याङ्कनका लागि वस्तुनिष्ठ आधार विकास एवम् कार्यान्वयन | पटक | | १ | | | | १ | २ |
| २ | गणित, विज्ञान र अङ्ग्रेजी विषयको १-१ दिने विषयगत तालिम | शिक्षक | १२० | १२० | १२० | १२० | १२० | ६०० | १००० |
| ३ | पेसागत आवश्यकतामा आधारित शिक्षकको तालिम सञ्चालन | शिक्षक | ३० | ६० | ६० | ६० | ६० | २७० | ३०० |
| ४ | शिक्षक सहायता प्रणालीलाई अझ प्रभावकारीरूपमा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | सरोकारवालाहरूका लागि उत्कृष्ट विद्यालयमा अवलोकन भ्रमण | जना | | ५५ | | ५५ | | ११० | २२० |
| ६ | विषयगत समिति गठन एवम् नियमित छलफल | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | कक्षा अवलोकन एवम् पृष्ठपोषण आदान प्रदान | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | कार्यमूलक अनुसन्धान सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | बाटोघाटोको राम्रो व्यवस्था भएका स्थानमा वृहद् विद्यालयको व्यवस्था | विद्यालय | | | | १ | १ | २ | ३ |
| १० | रूचि र क्षमताका आधारमा जिम्मेवारी बाँडफाँड | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | महिला शिक्षक तथा कर्मचारी प्रसुति विदामा बसेको अवधिका लागि वैकल्पिक शिक्षक तथा कर्मचारी व्यवस्थापन (३ महिना अवधिका लागि) | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| १२ | माध्यमिक तह निःशुल्क गर्नका लागि कक्षा ९, १०, ११ र १२ का प्रति विद्यार्थीका आधारमा विद्यालयलाई अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ४.६.१ परिचय

शिक्षाका विद्वानहरूको भनाइअनुसार सिकाइ औपचारिक, अनौपचारिक र अरितिक तरिकाले हुने गर्छ । यी तिन ओटै तरिकाको समिश्रण नै आजीवन सिकाइ हो । विद्यालय जानुभन्दा अगाडि बालबालिकाले घर परिवारबाटै धेरै कुरा सिक्छन् । विद्यालय जाने उमेर भएपछि विद्यालय भर्ना भई पाठ्यक्रम बमोजिमका धेरै कुराको सिकाइ हुन्छ । विद्यालय शिक्षा पूरा गरेपछि विश्वविद्यालयबाट थप सिकाइ हुन्छ । अनि पेसाको संसारमा रहँदा पनि थप सिकाइको आवश्यकता हुन्छ । पेसा छाडेपछि पनि फरक विषय क्षेत्रको सिकाइ आवश्यक हुन्छ । त्यसैले सिकाइ चितामा पुग्नु अघिसम्म भईरहन्छ । कतिपय बालबालिकाहरू औपचारिक शिक्षा लिनबाट विविध कारणले बञ्चित भएका हुन्छन् । उनीहरूका लागि वैकल्पिक सिकाइको व्यवस्था गर्न आवश्यक हुन्छ । सिकाइका लागि यी सबै व्यवस्था मिलाउनु राज्यको दायित्वभित्र पर्छ ।

### ४.६.२ वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार ५ वर्षभन्दा माथिको जनसङ्ख्यामध्ये १७८५३ जना साक्षर र बाँकी ८२८७ जना निरक्षर रहेका छन् । यसरी हेर्दा ५ वर्षमाथिको जनसङ्ख्याको ६८.३० प्रतिशत जनसङ्ख्या साक्षर हुन आउँछ । अनौपचारिक शिक्षातर्फको तल्लो संस्था सामुदायिक सिकाइ केन्द्र हो । यस गाउँपालिकामा ३ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् । यस गाउँपालिकामा हाल कुनै पनि साक्षरताका कक्षाहरू, वैकल्पिक शिक्षाका कार्यक्रम तथा खुला विद्यालयहरू सञ्चालनमा रहेका छैनन् । यहाँ हाल कुनै पनि साक्षरताका कक्षाहरू, वैकल्पिक शिक्षाका कार्यक्रम तथा खुला विद्यालयहरू सञ्चालनमा रहेका छैनन् । देस विकासका लागि शिक्षा मुख्य पूर्वाधार हो । साक्षर व्यक्तिबाट सिकाइ सहज हुन्छ, त्यसैले बाँकी निरक्षरलाई साक्षर बनाउनु आवश्यक छ । त्यसैगरी, यहाँ अनिवार्य आधारभूत शिक्षाका लागि विद्यालय शिक्षाको अवसर नपाएका र बिचैमा विद्यालय छाडेका बालबालिकाका लागि पनि वैकल्पिक शिक्षाको अवसर दिनु उत्तिकै जरूरी छ । *(स्रोतः गाउँपालिकाको अभिलेख र राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन ।)*

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका पनि समस्या तथा चुनौतीहरू रहेका छन् । आजीवन सिकाइका अवसरहरूको व्यवस्था मिलाउन नसकिनु, सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या न्यून हुनु र भएका सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास गर्न नसकिनु, अझै पनि ५ वर्ष माथिका ३१.७० प्रतिशत जनसङ्ख्या निरक्षर हुनु, निरक्षरहरूको विवरण नहुनु, वैकल्पिक शैक्षिक कार्यक्रमहरू हाल कार्यान्वयनमा नहुनु, साक्षर व्यक्तिहरू पनि निरन्तर शिक्षाको अभावले गर्दा निरक्षर बन्ने खतरा हुनु आदि यस गाउँपालिकाका प्रमुख समस्या र चुनौतीहरू हुन् ।

### ४.६.३ उद्देश्य

यस क्षेत्रमा देहायका उद्देश्यहरू रहेका छन् :

१. सबै निरक्षर जनसङ्ख्यालाई साक्षर बनाउनु,
२. मरिणबासीहरूलाई अनौपचारिक शिक्षा र आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु,
३. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायका नागरिकको आवश्कता अनुरूपका सिपमूलक तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गर्नु ।

### ४.६.४ रणनीतिहरू

उल्लिखित उद्देश्य पूरा गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. सामुदायिक सिकाइ केन्द्रको समायोजन तथा पुनर्वितरण गरी एक वडा एक सामुदायिक सिकाइ केन्द्रको व्यवस्था गर्ने ।

२. सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास गरी सामुदायिक सिकाइ केन्द्र र अन्य सङ्घसंस्था परिचालन गरी निरक्षरहरूलाई साक्षर बनाउने ।

३. साक्षरता, निरन्तर शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट सिकाइ अवसर सुनिश्चित गर्ने ।

४. सामुदायिक सिकाइ केन्द्रमा इन्टरनेटसहितको पुस्तकालय र पत्रपत्रिकाको व्यवस्था गरी आजीवन सिकाइ थलोका रूपमा विकास गर्ने ।

५. सामुदायिक पुस्तकालय र सामुदायिक सूचना केन्द्रको व्यवस्थापनको जिम्मेवारी सामुदायिक सिकाइ केन्द्रलाई हस्तान्तरण गर्ने ।

६. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने ।

७. वैदेशिक रोजगारी, अन्य अनौपचारिक तथा अरितिक तरिकाले सिकेका सिपको पहिचान गरी प्रमाणीकरण गर्ने ।

### ४.६.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः** सबै नागरिकका लागि साक्षरता शिक्षा, वैकल्पिक शिक्षा र आजीवन सिकाइको अवसर प्राप्त भएको हुने छ ।

**प्रमुख नतिजाः**

१. एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना हुने छ ।

२. १५ वर्ष माथिका सबै जनसङ्ख्या साक्षर हुने छन् ।

३. सामुदायिक सिकाइ केन्द्रमा दक्ष जनशक्तिको व्यवस्था, इन्टरनेटसहितको इ-पुस्तकालय, पत्रपत्रिका, योग शिक्षा लगायतको व्यवस्था हुने छ ।

४. औपचारिक शिक्षाको अवसरबाट बञ्चित वर्गका लागि वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन हुने छन् ।

५. मरिणवासीको आवश्यकताअनुसार विभिन्न किसिमका सिपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन हुने छन् ।

६. अनौपचारिक तथा अरितिक सिकाइको परीक्षण र प्रमाणीकरण हुने छ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | वटा | | | | १ | | १ | ४ |
| २ | प्रस्तावनाका आधारमा सामुदायिक सिकाइ केन्द्रलाई अनुदान (निरक्षरहरूको नामावली सङ्कलन, साक्षरता कक्षा सञ्चालन, सिपमूलक एवम् आयमूलक र क्षमता विकाससम्बन्धी लगायतका तालिम सञ्चालनका लागि) | वटा | २ | २ | २ | २ | २ | १० | २० |
| ३ | पूर्क्ष साक्षर वडा घोषणा | वडा | | १ | १ | १ | | ३ | ७ |
| ४ | सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास (दक्ष सहजकर्ता, इ-पुस्तकालय, पत्रपत्रिका, कम्प्युटर, योगशाला आदि) | वटा | | १ | १ | | | २ | ७ |
| ५ | वैकल्पिक/अनौपचारिक प्रौढ विद्यालय/ खुला विद्यालय सञ्चालन | विद्यालय | | | | १ | | १ | १ |
| ६ | सामुदायिक पुस्तकालय र सूचना केन्द्र व्यवस्थापनको जिम्मेवारी सामुदायिक सिकाइ केन्द्रलाई हस्तान्तरण | वटा | | | | सबै | | सबै | सबै |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| ७ | साक्षरता शिक्षाका लागि सिकाइ सामग्रीको छपाई तथा वितरण | पटक | | | १ | | | १ | १ |
| ८ | अनौपचारिक तथा अरितिक सिकाइको दक्षता परीक्षण एवम् प्रमाणीकरण | पटक | | | १ | १ | १ | ३ | ८ |
| ९ | सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ थलोका रूपमा विकास | केन्द्र | | | | १ | १ | २ | ७ |
| १० | सामुदायिक सिकाइ केन्द्रका समुदाय परिचालकलाई पारिश्रमिक तथा प्रोत्साहन अनुदान व्यवस्था | केन्द्र | ३ | ३ | ३ | ४ | ४ | १७ | ४३ |

## ४.७ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ४.७.१ परिचय

प्राविधिक तथा व्यवसायिक शिक्षालाई गरिखाने शिक्षाका रूपमा लिइन्छ । साधारण र प्राविधिक जनशक्तिको उत्पादन सन्तुलित भएमा मात्र विकास सम्भव हुन्छ । विगतमा साधारण शिक्षालाई जोड दिइएता पनि विस्तारै प्राविधिक तथा व्यावसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षामा समावेशी तथा समतामूलक पहुँच र सहभागिता आजको आवश्यकता हो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ । संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढङ्गमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ ।

### ४.७.२ वर्तमान अवस्था

यस मरिण गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा उल्लेख्य कार्य भएको देखिदैन । बालबालिकाहरूलाई प्राविधिक ज्ञान र सिप विकासका लागि २०७३ सालदेखि एउटा प्राविधिक धारको विद्यालय सञ्चालनमा रहेको छ । यस विद्यालयमा वनस्पति विज्ञान विषयको पठनपाठन हुने गरेको छ । प्राविधिक धारतर्फ हाल यस विद्यालयमा देहायको सङ्ख्यामा विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् ।

| कक्षा | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | ४५ | ३८ | ६ | १३ |

प्राविधिक धारतर्फ अध्यापन गराउनका लागि निम्नमाध्यमिक तहको सहायक प्रशिक्षक २ जना र माध्यमिक तहको प्रशिक्षक ६ जना गरी जम्मा ८ जना शिक्षकहरू कार्यरत हुनुहुन्छ । अरू सिप विकास सम्बन्धी कुनै तालिम सञ्चालन गर्ने संस्थाहरू यहाँ देखिदैनन् तर पनि सदरमुकाम तथा अन्य स्थानबाट तालिम लिएर वा अनुभवबाट कुनै न कुनै सिप हासिल गरेका व्यक्ति ३२५८ जना रहेका छन् ((*स्रोतः गाउँपालिको अभिलेख र मरिण गाउँपालिका घरपरिवार सर्वेक्षण, २०७७*) ।

कृषिमा व्यावसायीकरण हुन नसक्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँचको कमी, सिपमूलक तालिम प्रदायक संस्था गाउँपालिका भित्र नहुनु, व्यक्तिहरूमा उद्यमशिलतासम्बन्धी ज्ञान र सोँचको कमी, प्राविधिक शिक्षाका लागि गाउँपालिकाबाट यथेस्ट बजेट छुट्याउन नसक्नु, उत्पादित प्राविधिक जनशक्तिको वजार व्यवस्थापन गर्न नसक्नु लगायत यस गाउँपालिकाका प्राविधिक तथा व्यावसायिक शिक्षाका समस्या तथा चुनौतीहरू हुन्।

### ४.७.३ उद्देश्य

प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रमा देहायका उद्देश्य रहेका छन् :

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि गर्नु,
२. कम शुल्कमा प्राविधिक तथा व्यावसायिक सिप सिक्ने अवसर सिर्जना गर्नु,
३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासलाई गुणस्तरीय बनाउनु।

### ४.७.४ रणनीतिहरू

उल्लिखित उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. प्राविधिक शिक्षामा र्सवसाधारणको पहुँच वृद्धि गर्ने।
२. नक्साङ्कन र सम्भाव्यताका आधारमा फरक फरक विषयका प्राविधिक धारका विद्यालय सञ्चालन गर्ने।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनका लागि सरोकारवालहरूसँग समन्वय गर्ने।
४. परम्परागत पेसा र प्रविधिको स्तरोन्नति गरी आधुनिक वैज्ञानिक प्रविधि सरहको बनाई संरक्षण गर्ने।
५. विभिन्न छोटो अवधिका सीपमूलक तालिम प्रदान गरी नागरिकको जीवनस्तरमा अभिवृद्धि गर्ने।
६. विश्व बजारमा खपत हुने प्रतिस्पर्धी प्राविधिक जनशक्ति उत्पादनलाई जोड दिने।
७. परम्परागत पेसा र प्रविधिको स्तरोन्नति गरी आधुनिक वैज्ञानिक प्रविधि सरहको बनाई संरक्षण गर्ने।
८. परम्परागत पेसा र प्रविधिको स्तरोन्नति गरी संरक्षण र संबर्धन गर्ने।

### ४.७.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः** प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा पर्याप्त दक्षता हासिल गरी रोजगारी, स्वरोजगारी र जिविकोपार्जनका लागि आधार तयार भएको हुने छ।

**प्रमुख नतिजाः**

१. विभिन्न विद्यालयमा फरक फरक विषयका प्राविधिक धारको पढाइ सञ्चालन हुने छ।
२. इच्छुक बालबालिकाहरूले चाहेको प्राविधिक विषयको अध्ययन गर्ने अवसर प्राप्त गर्ने छन्।
३. शैक्षिक वेरोजगार कम हुदै जाने छ।

**प्रमख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपसम्बन्धी नीति तर्जुमा | पटक | | १ | | | | १ | १ |
| २ | प्राविधिक धारका थप माध्मिक विद्यालय स्थापना र सञ्चालन | विद्यालय | | | १ | | | १ | ३ |
| ३ | युवाका लागि छोटो अवधिका सिपमूलक तथा क्षमता विकास तालिम सञ्चालन | जना | | २८ | २८ | | | ५६ | २४० |
| ४ | पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ७ |
| ५ | एक विद्यालय एक करेसावारी कार्यक्रम कार्यान्वयन | विद्यालय | | | ४८ | | | ४८ | ४८ |
| ६ | परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन | जना | | ३५ | ३५ | ३५ | | १०५ | २१० |
| ७ | युवा लक्षित तथा खेलकुद विकाससँग सम्बन्धित कार्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | पछाडि परेका वर्गलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा सहज पहुँका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## परिच्छेद पाँच

## अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

### ५.१ शैक्षिक समता र समावेशीकरण

#### ५.१.१ परिचय

समावेशी शिक्षा भन्नाले विभिन्न भाषाभाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले उनीहरूको सिक्ने गतिअनुसार नजिकैको विद्यालयमा भर्ना भई, अरू बालबालिकासँगै उनीहरू सरह सिक्न पाउने वातावरण सिर्जना गर्नु हो । बालबालिकाको रूची, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा अरू बालबालिकासँगै उनीहरूलाई सुहाउदो शिक्षा उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । अवसर पाएमा सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शिक्षाले अरू थप वहिष्करण हुनबाट जोगाउँछ र समाजका अरू बालबालिकासँगै हुर्कने, बढ्ने, पढ्ने र प्रतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरू सुझाउँछ ।

नेपालले सबै नागरिकका लागि शिक्षालाई अधिकारका रूपमा र अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चितता गर्ने प्रतिवद्धता गरेको छ । त्यसैले आधारभूत तहसम्मको शिक्षा सबै बालबालिकाका लागि निःशुल्क र अनिवार्य तथा माध्यमिक तहको शिक्षा निःशुल्करूपमा प्राप्त गर्न कुनै कारणले कुनै पनि बालबालिका छुट्नु हुँदैन । विद्यालय तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको भएकोले सङ्घीय र प्रादेशिक सरकारको समन्वय तथा सहयोगमा यो कार्य गर्नुपर्ने हुन्छ ।

#### ५.१.२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्रका कुनै पनि विद्यालयमा जातजाती, लिङ्ग, वर्ग, समुदाय तथा अपाङ्गताका कारणले भर्ना हुने अवसरबाट बञ्चित हुनु परेको गुनासो आएको छैन । यहाँका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत बालबालिकामध्ये बालविकास, कक्षा १, २, ४, ५ र ६ मा छात्र बढी देखिन्छन् भने कक्षा ३, ७, ८, ९, १०, ११ र १२ भने छात्राहरूको सङ्ख्या बढी रहेको छ । समग्रमा ४२६३ जना अर्थात् ४९.५७% छात्र र ४३३७ जना अर्थात् ५०.४३% छात्रा रहेका छन् । अपाङ्गता भएका धेरै विद्यार्थीहरूले यहाँका विद्यालयमा अध्ययन गरिरहेको अवस्था छ । शारीरिक अपाङ्गता भएका बालबालिकाहरू ५०६ जना, दृष्टिसम्बन्धी अपाङ्गता भएका २१ जना, श्रवणसम्बन्धी अपाङ्गता भएका १५ जना, बौद्धिक अपाङ्गता भएका ३२ जना र अन्य अपाङ्गता भएका ६ जना गरी ५८० जनाले यहाँका विद्यालयको विभिन्न कक्षामा अध्ययन गरिरहेका छन् । (*स्रोतः मरिण गाउँपालिको अभिलेख*)

भाषागतरूपमा हेर्दा आधारभूत तहको कक्षा (१-५) का जम्मा ३७८९ विद्यार्थीहरूमध्ये तामाङ्ग २६०२, मगर १८०, नेवार १०, भोजपुरी ३, माझी ३६, हायु १७ अरू बाँकी नेपाली र अन्य मातृभाषीका विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् । जातिगतरूपमा विश्लेषण गर्दा दलित ९५२, जनजाती ६९१५ र अन्य ७३३ जना बालबालिकाले यहाँका विद्यालयमा अध्ययन गरिरहेका छन् । यहाँका ३२१६ बालबालिकाहरूले कुनै न कुनै छात्रवृत्ति प्राप्त गरिरहेका छन् । यसले पनि गरिब, विपन्न बालबालिकालाई केही हदसम्म शिक्षालाई निरन्तरता दिन सहयोग पुगेको छ । (*स्रोतः मरिण गाउँपालिको अभिलेख*)

शैक्षिक समता र समावेशीकरणका दृष्टिले विश्लेषण गर्दा यस गाउँपालिकाका बालबालिकाहरूको अवस्था सकारात्मक नै छ । तर पनि हालसम्म यहाँका विद्यालयहरूमा स्रोतकक्षाको व्यवस्था गर्न सकिएको छैन । त्यसैगरी आर्थिक विपन्नता र अपाङ्गताका कारणले कति बालबालिकाहरू विद्यालय वाहिर रहेका छन् एकिन गर्न सकिएको छैन । आर्थिक कारणले वर्षको ६ महिना जति अवधि बाबुआमासँग इटा भट्टामा जाने बालबालिकाको सङ्ख्या पनि ठूलै रहेको छ । यी बालबालिकाको शिक्षालाई निरन्तरता दिन सकिएको छैन । यी समस्याहरू यस गाउँपालिकामा शैक्षिक समता र समावेशीकरणका प्रमुख समस्याहरू हुन् ।

### ५.१.३ उद्देश्य

शैक्षिक समता र समावेशीकरण विषय क्षेत्रअन्तरगत देहायका उद्देश्य रहेका छन् :

१. अपाङ्गता भएका, जोखिममा परेका, विपन्न वर्ग, द्वन्द्व प्रभावित, जनजाति, दलित, महिला, आर्थिक रूपले विपन्न वर्गहरूलाई शिक्षामा समान पहुँच पुऱ्याउनु।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु।

३. समता एवम् समावेशीकरणका मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासनमा सुधार गर्नु।

४. विद्यालयमा कुनै प्रकारको विभेद, दुर्व्यवहार, हेपाईरहित भएको सुनिश्चित गर्नु।

### ५.१.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गता मैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गर्ने।

२. अपाङ्गता भएका तथा अन्य लक्षित समूहका बालबालिकाका लागि समतामूलक कार्यक्रमका माध्यमबाट उनीहरूको पहुँचको सुनिश्चितता गर्ने।

३. दिवा खाजा, छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने।

४. कार्यविधि तयार गरी थप छात्रवृत्ति तथा विद्यार्थी लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने।

५. भाषाका कारणले सिकाइमा समस्या भएका वर्ग र कक्षाका लागि बहुभाषिक शिक्षण पद्धतिको अबलम्बन गरी सिकाइमा सुधार गर्ने।

६. चरम आर्थिक कारणले विद्यालयको पहुँच नपुगेका तथा निरन्तरता दिन नसकेका बालबालिकालाई आवश्कताअनुसार झोला, पोशाक तथा सिकाइ सामग्री उपलब्ध गराउने।

७. विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइरहित बालमैत्री वातावरण सिर्जना गर्ने।

८. आवश्यकताअनुसार केही विद्यालयमा स्रोतकक्षाको व्यवस्था गर्ने।

९. विद्यालयमा बालमैत्रीपन बढाउन बालक्लब गठन गरी क्रियाशील बनाउने।

१०. गाउँपालिकाले बालबालिकाका लागि विनियोजित रकमको सरोकारवालहरूसँगको छलफलका आधारमा बालबालिकाको हितमा खर्च गर्ने।

### ५.१.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः** लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चति भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

**प्रमुख नतिजाः**

१. गाउँपालिकाभित्रका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका, द्वन्द्व प्रभावित, सिमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित हुने छ।

२. विद्यालयहरूमा बालमैत्रीपनमा सुधार हुने छ।

३. विद्यालयहरूमा अपाङ्गता र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने छ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | विद्यालयको नक्साङ्कन गरी समायोजन तथा पुनर्वितरण | पटक | | | १ | | | १ | २ |
| ३ | भाषा नीतिको विकास र मातृभाषामा शिक्षण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | विद्यालय शिक्षाको अवसरबाट बञ्चित बालबालिकाहरूको कारणसहित अभिलेख तयारी र विद्यालयको पहुँच सुनिश्चितताका लागि सहयोग कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | विद्यालयको बालमैत्रीपनको मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | सूचकगतरूपमा विद्यालयमा बालमैत्रीपनमा कमजोर देखिएका क्षेत्रमा सुधार कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ | ९ |
| ७ | बालमैत्री वडा घोषणा | वडा | | | | १ | १ | २ | ७ |
| ८ | लैङ्गिक फोकल पर्सनको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ९ | विद्यालमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चत गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | विद्यार्थी छात्रवृत्ति वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धित, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १२ | अपाङ्गताको प्रकृतिअनुसार उपयुक्त शिक्षाको प्रवन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | गुनासो पेटिकाको व्यवस्थापन र प्रभावकारी उपयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १४ | बालविकासदेखि कक्षा १२ सम्म अध्ययनरत विशेष परिस्थितिका बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितताका लागि थप छात्रवृत्तिका लागि कार्यविधि तयार गरी विद्यार्थी छानत्रवृत्ति वितरण | जना | १५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५० |
| १५ | अपाङ्गताको Screening गरी विद्यार्थीका लागि ह्वील चियर, सेतो लठ्ठी, ब्रेलमा लेखिएको पुस्तक लगायतका सामग्रीको प्रबन्ध कार्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ५.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ५.२.१ परिचय

बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको विकास र सिकाइलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू सहजरूपमा उपलब्ध हुनुपर्छ । बालबालिबालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा विताउने तथा आउने जाने समयसमेतलाई गणना गर्दा हुन आउने ७-८ घण्टाको समयको करिब मध्यतिर खाजाको प्रबन्ध हुनु आवश्यक छ । ९, १० वा सोभन्दा बढी उमेरका बालबालिकाका लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त छात्राहरूका लागि महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छतासम्बन्धी सहयोग तथा शिक्षा आवश्यक हुन्छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन, नियमित उपस्थित हुन तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्छ ।

### ५.२.२ वर्तमान अवस्था

यस मरिण गाउपालिकामा रहेका ४८ वटा विद्यालय तथा ४ वटा बालविकास केन्द्र गरी ५२ वटा विद्यालयका ४०९४ जना बालबालिकाले २०७८ सालमा दिवा खाजाको सुविधा पाएको देखिन्छ । सङ्घीय सरकारले ससर्त अनुदानका रूपमा प्रति विद्यार्थी प्रति दिन रू १५ मा गाउँपालिकाले रू ५ थप गरी जम्मा रू २० का दरले विद्यालयलाई निकासा दिने गर्छ । २०७९ सालमा सङ्घीय सरकारले ससर्त अनुदानका रूपमा कक्षा ६ सम्मका बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरेपनि गाउँपालिकाले कक्षा ७ र ८ मा थप गरी कक्षा ८ सम्मका बालबालिकाहरूले दिवा खाजाको सुविधा पाइरहेको अवस्था छ । केही विद्यालयका बालबालिकाले साबुन र पानीसहितको शौचालय तथा पिउने पानीको सुविधा प्राप्त गरिरहेका छन् । स्वास्थ्यसम्बन्धी हाजिरी रजिष्टरको प्रयोग खासै कामयावी हुन सकेको छैन । (*स्रोतः मरिण गाउँपालिको अभिलेख*)

महङ्गीका कारणले २० रूपियाँले सोंचअनुसारको स्वस्थकर तथा पोषणयुक्त खाजाको व्यवस्था गर्न नसकिनु, विद्यालयमा खाजाको व्यवस्था गर्नका लागि अलग्लै कर्मचारीको व्यवस्था नहुनु, स्वास्थ्यसहितको विद्यार्थी हाजिरी रजिष्टरको उचित प्रयोग गर्न नसक्नु, बालबालिकामा स्वास्थ्य तथा सरसफाइसम्बन्धी शिक्षा दिने कार्यलाई कतिपय विद्यालयहरूले महत्व नदिनु, बालबालिकाहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्न नसक्नु आदि यस मरिण गाउँपालिकाको दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख समस्याहरू हुन् ।

### ५.२.३ उद्देश्य

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका उद्देश्य देहायअनुसार रहेका छन् :

१. दिवा खाजासँग सम्बन्धीत सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर एवम् पोषणयुक्त पौष्टिक खाजाको सुनिश्चितता गर्नु ।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ५.२.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिएर खाजा व्यवस्थापनलाई सुदृढ गरिनुको साथै अभिभावकको सहयोगमा कक्षा १२ सम्मका बालबालिकाहरूलाई खाजा व्यवस्थापनको पहल गर्ने ।

२. दिवा खाजाको व्यवस्थाका लागि विद्यालयहरूलाई विभिन्न सामग्री वितरण गर्ने ।

३. हात धुनका लागि साबुन र पानीको उचित प्रबन्ध, छात्राहरूको स्यानीटरी प्याड डिस्पोज गर्ने व्यवस्थासहित विद्यार्थी सङ्ख्याका आधारमा छात्र छात्राका लागि अलग अलग शौचालयको व्यवस्था, छात्राहरूका लागि चेन्जिङ् रूमको व्यवस्था, स्वच्छ पिउने पानीको व्यवस्था गर्ने ।

४. विद्यालय तथा कक्षाकोठाको सरसफाइका साथै सुरक्षाका लागि घेराबारको व्यवस्था गर्ने ।

५. बालबालिकहरूको आवधिकरूपमा स्वास्थ्य परीक्षण र जुकाको औषधिको व्यवस्था मिलाउने ।

६. विद्यार्थी स्वास्थ्यसहितको हाजिरी रजिष्टरको प्रभावकारी प्रयोग गर्ने ।

७. विद्यालयमा प्राथमिक उपचार सामग्रीको प्रबन्ध गर्ने ।

### ५.२.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः** विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुने छ ।

**प्रमुख नतिजाः**

१. आधारभूत तहसम्मका बालबालिकाले स्थानीय उत्पादनमा आधारित स्वस्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुने छ ।

२. प्याड डिस्पोज गर्ने व्यवस्थासहित छात्र छात्रालाई विद्यार्थी सङ्ख्याका आधारमा अलग अलग शौचालय, हात धुनका लागि सफा पानी र साबुनको व्यवस्था, किशोरीहरूका लागि चेन्जिङ् रूमको व्यवस्था, सफा कक्षाकोठा र घेरावारसहितको विद्यालय हाताको व्यवस्था हुने छ ।

३. विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था, बालबालिकाहरूको आवधिकरूपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए र आइरन चक्की, जुकाको औषधी तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुने छ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | विद्यालय दिवा खजा कार्यक्रम सञ्चालन | विद्यार्थी | ५८०० | ५८५० | ५९०० | ५९५० | ६००० | २९५०० | ६९००० |
| २ | दिवा खाजाका लागि विद्यालयहरूलाई थप सामग्री प्रदान (भाँडा वर्तन, चुलो आदि) | विद्यालय | | ७ | ७ | ७ | ७ | २८ | ५६ |
| ३ | विद्यालायमा शौचालय, पानीको प्रबन्ध, हात धुनका लागि पानी र साबुनको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षा | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ५ | चेन्जिङ् रुम र आराम कक्षको व्यवस्था | विद्यालय | २ | २ | २ | २ | २ | १० | ३० |
| ६ | बालबालिकाका लागि भिटिमिन ए, आइरन चक्की, फोलिक एसिड, जुकाको औषधी वितरण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ७ | बालबालिकाको आवधिक स्वास्थ्य परीक्षण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ८ | विद्यालयमा स्वास्थ्य किट वितरण एवम् प्रतिस्थापन | विद्यालय | | १० | १० | १० | १० | ४० | ५६ |
| ९ | स्वास्थ्यसहितको विद्यार्थी हाजिरी रजिष्टरको प्रयोग | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| १० | स्यानिटरी प्याड व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन | विद्यालय | ४ | ४ | ४ | ५ | ५ | २२ | ५५ |

### ५.३ आपत्कालीन तथा सङ्कटकालिन अवस्थामा शिक्षा

#### ५.३.१ परिचय

युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितका शैक्षिक कार्यक्रमलाई आपत्कालीन तथा सङ्कटकालिन अवस्थामा शिक्षाकोरूपमा लिने गरिन्छ । यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बन्द्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरूपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षाक्षेत्रलाई निर्वाधरूपमा क्रियाशिल हुनेगरी शैक्षिक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्वतयारी, आपतकालीन अवस्थामा क्षति न्यून हुनेगरी तत्काल प्रतिकार्य गर्ने र आपत्काल पश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचा समेटिने गरिन्छ । आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारकोरूपमा स्वीकार गरिएको छ ।

वृहत विद्यालय सुरक्षा गुरूयोजना, २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालयको न्यूनतम सुरक्षाका उपायसम्बन्धी क्रियाकलापहरू, शिक्षक र विद्यार्थीलाई मृत्यू र घाइते हुनबाट बचाउने, विपत्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपत् जोखिम न्युनीकरण तथा उत्थानशिलता विकास गर्ने व्यवस्था गरेको छ । कोभिड-१९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत व्यवस्थाहरू गरिएको छ ।

#### ५.३.२ वर्तमान अवस्था

यस गाउँपालिकामा २०७२ सालको विनासकारी भुकम्पले विद्यालयहरू क्षती भएको अवस्थामा अल्पकालीन सिकाइ केन्द्रहरूको व्यवस्था गरी सिकाइलाई निरन्तरता दने कार्य गरिएको थियो भने बालबालिकाहरूका लागि मनोसामाजिक परामर्शका कार्यक्रमहरू सञ्चालन भएका थिए । हालै कोभिडको समयमा विद्यालय बन्द हुँदा वैकल्पिक सिकाइका विभिन्न विधिहरूको प्रयोग गरिएको थियो । राजनैतिक दलहरूले शिक्षालाई राजनीतिक कारणले वाधा नपुर्‍याउने प्रतिवद्धता व्यक्त गरेका छन् । तर पनि कहिले काही यसको प्रभावमा विद्यालय पर्ने गरेको अवस्था छ । यस गाउँपालिकामा आपत्कालीन अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि उल्लेख्य कार्य भएको छैन । (*स्रोतः मरिण गाउँपालिको अभिलेख*)

#### ५.३.३ उद्देश्य

यस विषय क्षेत्रका उद्देश्य देहाय बमोजिम रहेका छन् :

१. विपत् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास गर्नु,
२. संभावित विपत्को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,
३. विपत्को समयमा हुनसक्ने क्षतिलाई न्युनीकरण गर्ने उपायहरूको अभ्यास गराउनु,
४. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका बिधिहरू प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्नु ।

#### ५.३.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू परिपूर्तिका लागि देहायका रणनीतिहरू अवलम्बन गरिने छ:

१. विपत्को समयमा शिक्षालाई निरन्तरता दिन आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने ।
२. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
३. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा अभ्यास गराउने ।
४. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरी विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
५. विपत् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापना गर्ने ।
६. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीका लागि संयन्त्र बनाउने ।
७. विपत् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकरण गर्ने ।
८. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
९. गाउँपालिकामा Education Cluster को व्यवस्था गर्ने ।
१०. विपत्को समयमा क्षति न्युनीकरण र पुनर्लाभका लागि आवश्यक पर्ने आर्थिक, भौतिक, मानवीय स्रोतको म्यापिङ गर्ने ।
११. ReAL Plan को कार्यान्वयन गर्ने ।
१२. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

### ५.३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः** आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुने छ ।

**प्रमुख नतिजाः**

१. गाउँपालिका र विद्यालयहरूमा विपत\ व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास हुने छ ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन हुने छ ।
३. विपत तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररूपमा सञ्चालन हुने छन् ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | विपत् व्यवस्थापन संयन्त्र निर्माण र आवश्यकता अनुसार परिचालन (गाउँपालिका र सबै वडा) | वडा | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ |
| २ | विपत् व्यवस्थापन संयन्त्र निर्माण र आवश्यकता अनुसार परिचालन (विद्यालय) | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| ३ | आपत्कालीन शिक्षा योजना परिमार्जन | पटक | | १ | | | | १ | १ |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशिलताका लागि सचेतना कार्यक्रम | विद्यालय | | १८ | १८ | २० | | ५६ | ५६ |
| ५ | विद्यालयहरूमा विपत् कोष व्यवस्था | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | ५६ |
| ६ | ReAL Plan कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ६ |

## ५.४ विद्यालय भौतिक पूर्वाधार विकास

### ५.४.१ परिचय

विद्यार्थीले विद्यालयमा सुरक्षित महसुस गर्नुपर्छ । यसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ । सुरक्षित विद्यालय हुनका लागि मापदण्डअनुसारको कक्षाकोठा, खेलमैदान, चमेनागृह, शौचालय तथा सफा खानेपानी जस्ता भौतिक पूर्वाधारहरू हुनुपर्छ । सुविधाजनकरूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालबाविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र आधारभूत तहका माथिल्ला कक्षा तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १ वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड निर्धारण भई अभ्यासमा छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरू विपत जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ ।

### ५.४.२ वर्तमान अवस्था

यस मरिण गाउँपालिका अन्तरगतका जम्मा ४८ विद्यालय र ४ वटा बालविकास केन्द्रहरूमा जम्मा ४९२ वटा कोठाहरू रहेका छन् । तीमध्ये ३६० वटा कोठाहरू कक्षाकोठाका रूपमा उपयोग भएका छन् । त्यसैगरी, प्रअ तथा स्टाफ कक्षका रूपमा ५३, पुस्तकालयका रूपमा ८, प्रयोगशालाका रूपमा ११, भण्डारका रूपमा २४, अन्य कार्यका लागि ३६ उपयोग भई ११७ कक्षाकोठा नपुग देखिन्छ । (*स्रोतः मरिण गाउँपालिको अभिलेख*)

यहाँका ४८ वटा विद्यालयमा छात्र र छात्राका लागि अलग अलग शौचालयको व्यवस्था छ । ४६ वटा विद्यालयमा अपाङ्गता भएका बालबालिकाका लागि अलग्गै शौचालयको व्यवस्था छ । ४५ वटा विद्यालयमा किशोरीहरूका लागि स्यानिटरी प्याड डिस्पोज सहितको शौचालयको व्यवस्था छ । ९ वटा विद्यालयमा शौचालय नपुग रहेको छ । ४५ वटा विद्यालयले साबुन पानीको व्यवस्था गरेका छन् । सफा र स्वच्छ पिउने पानीको व्यवस्था भएका विद्यालय ५ वटा मात्रै छन् । बाँकी विद्यालयमा सफा पिउने

पानीको व्यवस्था हुन सकेको छैन। आराम कक्षाको व्यवस्था ८ वटा विद्यालयमा रहेको छ। बालमैत्री धारा ४६ वटा विद्यालयमा रहेको छ। १५ वटा विद्यालयको फर्निचर कामचलाउ अवस्थाको रहेका छन् भने १८ वटा विद्यालयमा फर्निचर नपुग रहेको छ।

यहाँका १२ वटा सामुदायिक विद्यालयमा पुस्तकालयको व्यवस्था छ। तीमध्ये ६ वटा विद्यालयमा अलग्गै कोठामा पुस्तकालय राखिएको छ भने ४ वटा विद्यालयले मात्र विद्यार्थीलाई घरमा पुस्तक लैजाने व्यवस्था मिलाएका छन्। त्यसैगरी, ८ वटा सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्था गरिएको छ। ती मध्ये ६ वटा विद्यालयमा प्रयोगशालाका लागि आवश्यक पर्ने सामग्री नपुग छ। एउटा विद्यालयमा गणित प्रयोगशालाको व्यवस्था गरिएको छ। प्राविधिक विषयको प्रयोगशाला एउटा विद्यालयमा छ। (*स्रोतः मरिण गाउँपालिको अभिलेख*)

खेलकुद सामग्रीको उपलब्धताको अध्ययन गर्दा ७५ देखि १०० प्रतिशत विद्यार्थीलाई एकसाथ उपयोग गर्न पाउने गरी खेलकुद सामग्रीको व्यवस्था भएका विद्यालयहरू ६ वटा मात्र छन्। त्यसैगरी, ५० देखि ७५ प्रतिशत विद्यार्थीलाई पुग्ने १० वटा, २५ देखि ५० प्रतिशत विद्यार्थीलाई पुग्ने १७ वटा, १० देखि २५ प्रतिशत विद्यार्थीलाई पुग्ने १४ वटा र १० प्रतिशतभन्दा पनि कम विद्यार्थीलाई एकसाथ खेल्न दिँदा खेलकुद सामग्री पुग्ने विद्यालय २ वटा रहेका छन्। ७ वटा विद्यालयमा भने खेलकुद सामग्री छैन। (*स्रोतः मरिण गाउँपालिको अभिलेख*)

यस विषय क्षेत्रमा पनि समस्याहरू रहेका छन्। अझ पनि ११७ कक्षाकोठाहरू नपुग हुनु, ४ वटा विद्यालयहरूमा छात्राहरूका लागि अलग्गै शौचालयको व्यवस्था नहुनु, ६ वटा विद्यालयमा अपाङ्गता भएका विद्यार्थीका लागि अलग्गै शौचालय नहुनु, ७ वटा विद्यालयमा साबुन पानीको व्यवस्था नहुनु, ७ वटा विद्यालयमा स्यानीटरी प्याड डिस्पोज गर्ने व्यवस्थासहितको शौचालयको व्यवस्था नहुनु, ४७ वटा विद्यालयहरूमा स्वच्छ र सफा पिउने पानीको व्यवस्था नहुनु, ४४ वटा विद्यालयहरूमा आराम कक्षको व्यवस्था नहुनु, ६ वटा विद्यालयमा बालमैत्री धारा नहुनु, धेरै विद्यालयमा खेलमैदान र घेराबारको व्यवस्था नहुनु, १८ वटा विद्यालयमा फर्निचर नपुग हुनु आदि यस गाउँपालिकाका मुख्य समस्याहरू हुन्।

### ५.४.३ उद्देश्य

भौतिक पूर्वाधारको क्षेत्रअन्तर्गत देहायका उद्देश्य निर्धारण गरिएको छ :

१. विद्यालय शिक्षाका लागि मापदण्ड बमोजिम विद्यालयका कक्षाकोठा, शौचालय, पुस्तकालय, प्रयोगशाला, खेलमैदान लगायतका भौतिक पूर्वाधार विकास गर्नु।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा प्रवलीकरण गर्नु।

### ५.४.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा समेत स्रोत व्यव्थापन गरी मापदण्डबमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने।
२. अन्य संघसंस्थाले बनाउने भौतिक पूर्वाधारहरू मापदण्ड बमोजिम भए मात्र स्वीकार गरी बनाउने अनुमति दिने।
३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने।
४. गाउँपालिकाले विद्यालयको माष्टर प्लान तयार गरी सोही बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने।

### ५.४.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः** बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री भौतिक पूर्वाधारहरूको विकास भई विद्यालयको वातावरण सिकाइ अनुकूल भएको हुने छ।

**प्रमुख नतिजाः**

१. विद्यालयहरूमा पर्याप्त भौतिक संरचनाहरू निर्माण एवम् मर्मत हुने छन्।

२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने छन्।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| १ | विद्यालय घेरावारको व्यवस्था | विद्यालय | ४ | ७ | ७ | ७ | ७ | ३२ | ४२ |
| २ | विद्यालय भवन निर्माण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | वाससहितको शौचालय निर्माण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | खानेपानीको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | नयाँ फर्निचर निर्माण | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| ६ | विद्यालयमा चमेनागृहको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १२ |
| ७ | विद्यालय मर्मत | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| ८ | विद्यालयमा मञ्चको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १३ |
| ९ | छात्रावासको व्यवस्था | विद्यालय | २ | | १ | | | ३ | ५ |
| १० | पुस्तकालयको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | विज्ञान प्रयोगशाला व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | विषयगत प्रयोगशालाको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १२ |
| १३ | विद्यालयको बालमैत्री खेलमैदान निर्माण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | विद्यालयमा खेल सामग्रीको व्यवस्था | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० |
| १५ | अपाङ्गता मैत्री हुने गरी भौतिक संरचना सुधार | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | बालविकासदेखि कक्षा ३ सम्मका कक्षाकोठा व्यवस्थापन (भुइँवसाइ, भित्ते लेखन लगायत) | विद्यालय | १५ | ४ | ४ | ४ | ४ | ३१ | ५० |
| १७ | एक विद्यार्थी एक विरूवा कार्यक्रम कार्यान्वयन | विद्यालय | २ | ३ | ३ | ३ | ५ | १६ | ३५ |

### ५.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

#### ५.५.१ परिचय

विश्वमा सूचना तथा सञ्चार प्रविधिको विकासले अत्यन्तै चाँडो फड्को मारेको छ । यसबाट एकातिर ज्ञान आर्जन गर्न सहज भएको छ भने अर्कोतर्फ शिक्षण सिकाइको विधि तथा तौर तरिकामा आमूल परिवर्तन आएको छ । सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले सिकाइमा सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिलाई सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभुतिका लागि सहयोग पुर्याउँछ ।

कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

#### ५.५.२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्रका १३ वटा विद्यालयमा कम्प्युटर प्रयोगशाला छ तर तीमध्येका १२ वटामा कम्प्युटरको सङ्ख्या प्रयाप्त छैन । १० विद्यार्थी बराबर १ कम्प्युटर भएका विद्यालय २ वटा, १० देखि २० विद्यार्थी बराबर १ कम्प्युटर हुने विद्यालय ४ वटा, २० देखि ४० विद्यार्थी बराबर १ कम्प्युटर हुने विद्यालय २ वटा, ४० देखि ५० विद्यार्थी बराबर १ कम्प्युटर हुने विद्यालय ८ वटा, ५० देखि ६० विद्यार्थी बराबर १ कम्प्युटर हुने विद्यालय ३ र ६० भन्दा बढी विद्यार्थी बराबर १ कम्प्युटर हुने विद्यालय ९ वटा रहेका छन् । हाल चालु अवस्थामा कम्प्युटर भएका विद्यालयहरू केवल २८ वटा मात्र रहेका छन् । (*स्रोतः मरिण गाउँपालिको अभिलेख*)

यहाँका सामुदायिक र संस्थागत गरी ३२ वटा विद्यालयहरूमा प्रोजेक्टरको व्यवस्था छैन । १७ वटा विद्यालयहरूमा एउटा मात्र प्रोजेक्टर रहेको छ । ३ वटा विद्यालयमा २ वटा तथा ४ र ५ वटा प्रोजेक्टर हुने विद्यालयहरू १, १ वटा रहेका छन् । सामुदायिक विद्यालयमा सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको उल्लेख गर्नुपर्दा हप्तामा ७ पिरियड वा सोभन्दा बढी पिरियड सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी पढाउने विद्यालयहरू ४ वटा रहेका छन् । त्यसैगरी, २ वटा विद्यालयले प्रतिहप्ता सरदर ४ पिरियड सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण गर्छन् । प्रतिहप्ता ३, २ र १ पिरियड सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी शिक्षण गर्ने विद्यालयको सङ्ख्या क्रमशः ३, ३ वटा रहेका छन् । ३७ वटा सामुदायिक विद्यालयका विद्यार्थीले भने यो अवसर पाएका छैनन् । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकमध्ये सिकाइमा आइसिटीको प्रयोग गरी शिक्षण गर्न सक्ने दक्षता भएका शिक्षक ६२ जना मात्र रहेका छन् । (*स्रोतः मरिण गाउँपालिको अभिलेख*)

#### ५.५.३ उद्देश्य

सिकाइमा सूचना तथा सञ्चार प्रविधि विषय क्षेत्रका देहायका उद्देश्य रहेका छन् :

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका उपकरण पुऱ्याउनु,
२. सिकाइ र सुशासनलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

### ५.५.४ रणनीतिहरू

१. पूर्व विद्यार्थी, शिक्षाप्रेमी, विभिन्न संघसंस्थासमेतलाई अनुरोध गरी सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।
२. स्वसिकाइ, मेन्टरिङ् र तालिमसमेतको प्रबन्ध गरी सबै शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने दक्षता विकास गर्ने ।
३. लागत साझेदारीसमेतका माध्यमबाट विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको व्यवस्था गरी अधिकतम् प्रयोग गर्ने व्यवस्था मिलाउने ।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
५. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनसमेतमा सूचना प्रविधिको प्रयोग विस्तार गर्ने ।

### ५.५.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

